# अध्याय एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

संसारमा मानव विकासको क्रममा मानव जाति लाखौ बर्ष पहिलेदेखी पृथ्वीमा बसोबास गर्दै आएको हो । वास्तवमा समयको विकास क्रममा मानव समुदायले विभिन्न कालहरू पार गर्दै आएको हो । आदिम शिकारी तथा कन्दमुल बटुल्ने मानव समाज निरन्तर घुमन्ते प्रकृतिको थियो । त्यस समयमा महिला र पुरुषको हैसियत बराबर थियो । समयको विकास क्रमको साथसाथै जब कृषी युगमा सुरु भयो मानिसहरू थप खेतीपातीमा लाग्यो । त्यसपछि अनेकौ नीति नियमहरू बने मानिसको शरीरले मात्र सबै काम गर्न सम्भव भएन क्रमश : हातहतियार र औजारहरू अविष्कार भए । तब मानिस फिरन्ते नभई खास भू-खण्ड भित्र स्थायी रुपमा बस्न थाल्यो । यस युगमा सम्पत्तिको एकत्रीकरण गर्ने कार्यमा पुरुषहरू निर्णायक भएकाले सम्पत्ति माथि पुरुषकै पहिले स्वामित्व स्थापित भयो । यसरी निजी सम्पत्तिको क्रमसँगसँगै क्रमश : मानव समाजमा पितृसत्तात्मक बन्दै गयो । पितृसत्तात्मक व्यवस्थामा महिलाहरू पुरुषको इशारा, आज्ञा, आदेश र निर्देशनमा चल्दछ । पुरुषको कामलाई बढी प्रतिष्ठापूर्ण, सम्माननीय र उत्पादकीय मानी राष्ट्रिय आय निर्धारण गर्दा समावेश गरिन्छ भने १६ औं घण्टा परिवारका निम्ती काम गर्दा अनुत्पादन मानिन्छ, छोरीलाई हेला गरिन्छ ।

घरायसी निर्णय प्रकृयामा विशेष गरी आर्थिकश्रोतको नियन्त्रण परिचालनमा महिलाहरूको न्युन हैसियत रहेको छ । जबकी त्यस्ता कार्यमा महिलाको संलग्नता पुरुषको भन्दा निकै बढी हुन्छ (भासिन, २००४) ।

नेपालमा पुरुषको तुलनामा महिलाको स्थिती र भूमिका अत्यन्तै न्युन रहेको पाईन्छ । सामाजिक, शैक्षिक, आर्थिक र निती निर्माण जस्ता क्षेत्रमा पुरुष कै अधिपत्य रहेको छ । पुरुषको तुलनामा महिलाहरू समान हुन नसक्नुको प्रमुख कारण मध्ये सम्पत्ति माथिको स्वामित्वको अभाव पनि एक हो । नेपाली समाजमा सम्पत्तिको नियन्त्रण चलखेल पुरुषको नियन्त्रणमा नै रहेको छ । परिवार तथा समुदायका उत्पादनशील कार्यमा पुरुषहरूको बढी

पहुँच छ । घर भित्रका वा कम उत्पादन हुने कार्यमा महिला संलग्नता बढी रहेको छ । नेपाली महिलाहरू पुरुषको तुलनामा बढी समय काममा खट्छन् तर तिनीहरूको घरायसी कार्यको उचित मुल्याङ्कन नहुने हुदाँ निर्णय प्रकृयामा समेत उनीहरू पछाडि देखिन्छन् ।

कतिपय देशहरूमा महिलाहरू उत्पादन कार्यमा प्रत्यक्ष संलग्न भई उनीहरू स्वंयम्ले आय आर्जन गर्न सक्ने कारण कम्तीमा पनि कमाईको परिचालन गर्न सक्ने अवस्थामा ती देशका महिलाहरू छन् । तर नेपाली समाजमा जहाँ प्रशस्त्र लैङ्गिक विभेद, समाजमा महिला र पुरुषलाई फरक फरक भूमिका प्रदान गरिएका कारण प्रतिष्ठित एंवम् आय आर्जन हुने कार्यमा पुरुषहरू अगाडि रहेका छन् भने बढी समय लाग्ने घरायसी कार्यमा महिलाहरू खटिनु पर्ने बाध्यता छ । नेपाली समाजमा महिलाहरूलाई पुरुषको पूर्ण अधिनमा बाँधेको छ । एउटा महिलाको स्वतन्त्र हैसियत र अस्तित्वलाई पुरुषसँग अलग गरेर हेर्न समेत कठिन छ । महिलाहरूको आत्मा निर्णयको पक्ष निर्वल रहेको छ । नेपाली समाजमा कानुनी वा कागजी रुपमा समानताको वा अधिकारको व्यवस्था गरेता पनि वास्तवमा अझै त्यस्तो भएको छैन किनकी समाजमा अधिकार, कर्तव्य र उत्तरदायी भूमिकाको असमान वितरणले गर्दा पुरुष र महिलाको अन्तर सम्बन्धलाई प्रभाव पारि रहेको र समाजमा स्त्रीको पुरुष प्रतिको निर्भरता काय मै रहेको छ । वर्तमान समयमा यस्ता पुरुष प्रतिको निर्भरतामा केही कमी आएको देखिन्छ ।

गुरुङ जातिको मुलथलो अर्न्नपूर्ण, मनास्लु, हिमचुली पहाडको दक्षिण पहाडको क्षेत्र हो । समयान्तरमा उनीहरू नेपालको पूर्वी पहाडका धेरै ठाउँहरूमा समेत छरिएका छन् । उनीहरू थोरै सङख्यामा सिक्किम वर भुटानमा समेत बसेको अनुमान गरिन्छ । गरुङहरू पूर्वतर्फ तामाङ, दक्षिण तर्फ खस, पश्चिम पट्टी मगर उत्तरतर्फ थकालीहरूको बिचमा बसोबास गरेर बसेका छन् । तिनै क्षेत्रमा उनीहरूले आफनो सभ्यताको विकास गरे । विभिन्न धर्म, संस्कृति, भाषाको विकास गरी आजसम्म अस्तित्वमा रहन सफल भएका हुन । यस देशमा बसोबास गर्ने विभिन्न जातजातिहरू मध्ये गुरुङ जाति पनि एक प्रमुख जाति हो । गुरुङ जाति नेपालका आदिवासीहरू मध्ये एक हुन् ।

नेपालमा विभिन्न समाज, सँस्कृति भएका मानिसहरू बसोबास गर्दछन् । विभिन्न ठाँउ अनुसार समाज र सँस्कृति फरक-फरक छ, त्यही अनुसार महिलाहरूले भोग्नु परेको अनुभवहरू पनि समुदाय अनुसार फरक-फरक हुन्छन् । गुरुङ्गहरूलाई तमु भनेर पनि

सम्बोधन गरिन्छ । उनीहरू जनजाति समुह भित्र पर्दछन् । जनजाति समुह निश्चित भौगोलिक क्षेत्रमा बसोबास गर्ने, बृहत् समाजमा पनि भिन्न सँस्कृति र सामाजिक विशेषताहरू भएका अन्य समुहहरू भन्दा भिन्न तर समान भाषा, साँस्कृति मूल्य र सामाजिक विशेषता भएका हामी एक हो भन्ने भावना भएका मानव समुदायहरू हुन् ।

बहुजातीय, बहुधार्मिक र बहुभार्षिक मुलुक नेपालमा बसोबास गर्ने विभिन्न पहिचान भएका र कानुनी मान्यता प्राप्त गरेका पूर्व आदिबासी जनजातिहरू मध्यका जनजाति गुरुङ्ग जात पनि एक हो । गुरुङ्ग जातको पनि आफ्नै किसिमको सँस्कृति, धर्म र भाषा रहेको छ ।

सम्पति भन्नाले कसैको स्वामित्वमा रहेको कुनै पनि आर्थिक मुल्य र उपायोगिता भौतिक वस्तुलाई बुझिन्छ । सम्पति भौतिक र अभौतिक दुवै हुन सक्दछ । भौतिक सम्पति भन्नाले घर, जग्गा, गाईवस्तु, नगद, जिन्सी आदि लाई बुझिन्छ । अभौतिक सम्पति भन्नाले बकै मौज्दात तथा प्रतिलिपि अधिकार आदि लाई बुझिन्छ ।

कसैको आर्थिक मुल्य र उपयोगिता भएको वस्तुमाथिको अधिकारलाई नै सो व्यक्तिको सम्पत्ति सम्बन्धी अधिकार भनिन्छ । सम्पति माथि स्वामित्व  रहेको व्यक्तिमा आफनो सम्पति भोगचलन गर्ने, बेचबिखन गर्ने, अरुलाई प्रयोगमा दिन वा अन्य जुनसुकै किसिमले पनि उपयोग गर्ने सक्ने अधिकार रहेको हुन्छ । सम्पत्ति चल र अचल गरी दुई प्रकारको हुन्छ । चल सम्पति भन्नाले एक ठाउँमा सार्ने,वा लैजान सकिने सम्पति हो । अचल सम्पति भन्नाले एक ठाउँबाट अर्को ठाउँमा सार्ने वा लैजान नसकिने सम्पति हुन ।

निर्णय प्रक्रियामा महिलाको सहभागिता त्यस परिवारमा महिलाको स्थानलाई बुझाउँछ जति बढी पारिवारिक निर्णय प्रक्रियामा महिलाको सहभागिता हुन्छ । त्यति नै राम्रो स्थान उक्त परिवारमा महिलाको रहेको हुन्छ । निर्णय गर्न क्षमतामा पनि महिलाहरूको भूमिका एकदमै न्यून नै रहेको छ । किनकी महिलाहरू अशिक्षित र आय स्रोतको मामिलामा कम संलग्न छन् । नेपाल एउटा पुरुष प्रदान देश हो, जहाँ महिलाहरूलाई निर्णय गर्ने क्षमतामा कम अधिकार दिइएको छ । नेपालमा जातिगत विविधताको कारणले परम्परागत हिन्दु परिवार र गैर हिन्दु परिवारमा महिलाको हैसियत शक्ति एंबम् निर्णय गर्ने प्रक्रियामा उनीहरूको सहभागिता फरक रहेको पाइन्छ । हिन्दु समुदाय भित्र नीति निर्णय लिने प्रक्रियामा महिलाको सहभागिता अति न्यून रहेको छ । परिवारको लगभग ६० प्रतिशत निर्णयहरू

पुरुषले मात्र गर्दछन् भने ३५ प्रतिशत सल्लाहले गर्दछन् । तर मंगोलियन समुदायमा ७० प्रतिशत निर्णयहरू महिला एक्लैले गर्दछन् । यसबाट के प्रष्ट हुन्छ भने जातिगत वा धार्मिक आधारमा सामाजिक हैसियत फरक भएको पाईन्छ (आचार्य, १९९७) ।

## १.२ समस्याको कथन

विश्व परिवेशमा महिलाहरू पछि परि रहेको सन्दर्भमा अझ नेपालको परिवेशमा महिलाहरू ओझेलमा परेका छन् ? परम्परागत हिन्दु दर्शनबाट प्रभावित नेपाली समाजमा अझै पनि लैङ्गिक भेदभाव र असमानताहरू पाईन्छ । विश्व परिवेशमा आधा आकाश ढाकेको महिलाहरू विश्वको इतिहासमा उच्च पदहरूमा महिलाहरूको निकै कम नाम सुनिन्छ । महिलाहरू घर भित्र मात्र सीमित हुन पर्ने, बालबच्चा हुर्काउनु पर्ने अवस्थाले गर्दा आर्थिक वृद्धि, योग्यता र सीप बढाउने कार्यमा उनीहरूको पहुँच अझ पुग्न सकेको छैन ? हामो समाजमा महिलाको अवस्था निकै दयनीय रहेको छ । हाम्रो देशमा उत्पादनमूलक कार्यहरूमा पुरुषको लगानी एवम् सहभागिता उच्च रहेको छ भने महिलाहरूको न्यन रहेको छ । उच्च लगानी भएका कारण आर्थिक निर्णय प्रक्रिया पुरुषहरूको उच्च छ भने त्यसबाट हुने प्रतिफल पनि उच्च छ । महिलाहरूको न्युन लगानी कारण त्यसबाट हुने प्रतिफल पनि न्युन रहेको पाइन्छ । पुरुषहरूको तुलनामा महिलाहरू कमै मात्रामा उत्पादन कार्यहरूमा संम्लग्न छन ।

नेपालका अधिकाश महिलाहरू घरायसी कार्यमा संम्लग्न भएका हुन्छन । त्यस्ता कार्यहरूमा अनुत्पादन मानिन्छ । यस्ता कार्यहरू मुल्यहीन कार्यको संज्ञा दिइन्छ । घरायसी कार्यहरूमा महिलाहरूको पहुँच छ भने आम्दानीमूलक कार्यहरूमा एवम् निर्णयक कार्यमा महिलाहरूको पहुँच कम छ । हामो समाजमा छोरी भन्दा छोरालाई बढी महत्व दिने छोरालाई स्वतन्त्र छाडिदिने, र छोरीलाई हरेक कुरामा निगरानी गर्ने र सानैदेखी नै छोरीलाई घरको काममा लगाउने गरिन्छ । सबै कुराको निर्धारण आर्थिक क्रियाकलापमा नै महिलाहरूको सहभागिता कम हुनाले गर्दा महिलाहरू पछाडि परेका हुनु ।

प्रस्तुत अध्ययनले गुरुङ्ग समुदायका महिलाहरूको सम्पत्ति माथि पहुँच कतिको छ र उनीहरूको सम्पत्ति माथि वास्तविक स्थिती खोज्ने हेतुले त्यस अनुसन्धानमा निम्न प्रश्नहरूको उत्तर खोज्ने प्रयास गरिएको छ :

१. गुरुङ्ग महिलाहरूको सम्पत्ति माथि स्वामित्वको स्थिती कस्तो छ ?
२. गुरुङ्ग महिलाहरूको सम्पत्ति माथिको पहुँचको कारणले गर्दा निर्णय क्षमतामा परिवर्तन आएको छ कि छैन ?

## १.३ अध्ययनको उद्देश्य

वास्तवमा महिला र पुरुषबीच समानताको कुरा आइरहदा उनीहरूबीच सम्पत्तिको स्वामित्व र उपभोगको स्थिती कस्तो छ भन्ने कुराहरू पत्ता लगाउनको लागि यो अनुसन्धानको उदेश्य रहेको छ जुन निम्नानुसार रहेको छ ।

१. सम्पती माथि अधिकारको सम्बन्धमा गुरुङ्ग महिलाको अवस्था विश्लेषण गर्नु ।
२. गुरुङ्ग महिलाहरूको सम्पत्तिको पहुँचले गर्दा निर्णय लिने प्रक्रियामा आएको प्रभाव बारेमा विश्लेषण गर्नु,

## १.४ अनुसन्धानको महत्व


समाजमा विशेषगरी विद्यमान पितृसत्तात्मक संरचना कै कारण सम्पत्ति, श्रोत, साधन एवम् निर्णय जस्ता महत्वपूर्ण कुराहरू माथि पुरुषको नियन्त्रण छ । महिलाहरूको लागि समाजले निर्धारण गरेको नियन्त्रीत प्रक्रियाले महिलालाई प्रत्यक्ष असर गरि रहेको हुन्छ । समाजले निर्धारण गरेको नियन्त्रण प्रकृयाले महिलालाई सामाजिक, राजनीतिक, पारिवारिक, लगायतका अन्य संरचनामा पुरुषको अधिनमा रहन महिलाहरूलाई बाध्य पारिएको हुन्छ आदि जस्ता कुराहरू बारेमा थाहा पाउन यो अनुसन्धानले मदत गर्दछ ।

प्रस्तुत अध्ययनले नेपाली समाजमा बसोबास गर्ने गुरुङ्ग महिलाहरूको स्थिति बारे प्रकाश पार्नेछ, गुरुङ्ग महिलाहरूको निर्णय भूमिका, सम्पतिमा उनिहरूको पहुँच बारेमा अध्ययन गर्नेछ । महिलाले पनि परिवारमा पुरुष सरह अधिकार पाउनु पर्ने तथा परिवारमा उचित स्थान हुनु पर्ने कुराको ज्ञान दिन यो अध्ययन सफल हुनेछ । त्यसैले महिलाहरूलाई आफ्नो अवस्था बुझ्न र आफ्नो भूमिकालाई उचित बनाउन महत्व पुऱ्याउनेछ । यसले गुरुङ्ग महिलाहरूको बारेमा गरिने यो अध्ययनले नेपाली समाजका महिलाहरूको स्थिति र भूमिकाको बारेमा पनि प्रयाप्त सुचना प्रदान गर्नेछ ।

## १.५ अध्ययनको सिमा

प्रस्तुत सोधपत्र स्नाकोत्तर तहको पत्र पुरा गर्नका लागि गरिएको हो । यस अध्ययनमा पोखरा महानगरपलिका वडा नं. १४ चाउथेमा बसोबास गर्ने गुरुङ्ग समुदायमा महिलाहरूको सम्पत्ति माथि स्वामित्व र निर्णय भूमिका पत्ता लगाउने कार्यमा मात्र सिमित रहेको छ । यो अध्ययन सानो क्षेत्रमा मात्र सिमित भएको हुनाले यसले सम्पुर्ण गुरुङ्ग परिवारको वास्तविक यर्थाथ नदिन पनि सक्छ । यहाँबाट प्राप्त परिणामहरू सबै ठाँउमा सामान्यीकरण नहुन पनि सक्दछ ।

## १.६ अवधारणात्मक ढाँचा




यस अध्ययन क्षेत्रका गुरुङ् महिलाहरूको सम्पत्तिमा स्वामित्व र निर्णय स्थितीलाई पत्ता लगाउन विभिन्न शिर्षकहरूलाई पैतृक सम्पत्ति, व्यापार, दाइजोमा वैदेशिक रोजगारीमा, निजी सम्पत्ति वा पेवा, शिक्षामा विवाहमा, जागीरमा, सम्पत्ति किनबेचम विश्लेषण गरिएको छ ।

## १.७ अध्ययन संगठनात्मक ढाँचा

सम्पूर्ण शोधपत्रलाई छ अध्यायमा विभाजन गरिएको छ । पहिलो अध्यायमा सामान्य परिचय अन्तगर्त अध्ययनको पृष्ठभूमी, समस्याको कथन, अध्ययनको उद्देश्यहरू, अनुसन्धानको

महत्व, अध्ययनको सीमा, अध्ययनको ढाँचालाई समावेश गरिएको छ । दोस्रो अध्यायमा सौद्धान्तिक अवधारणा, पुर्व साहित्य समिक्षा पुनरावोकनलाई समावेश गरिएको छ । सो अध्याय भित्र उत्पादन प्रणाली, आधार संरचना, उपरी संरचना समेटिएको छ, माक्सवादी, महिलावाद, नेपालमा महिलावाद समावेश गरिएको छ ।

तेस्रो अध्यायमा अनुसन्धान विधिमा अनुसन्धानको क्षेत्रको चयन अनुसन्धान ढाँचा, अध्ययन क्षेत्रको छनोट तथ्याङ्कको श्रोत प्राथमिक श्रोत अन्तर्वार्ता, अनुसुचि, द्बितिय श्रोत, तथ्याङ्क विश्लेषण एंवम् प्रस्तुतिकरण प्रस्तुत गरिएको छ । चौथो अध्यायमा अध्ययन क्षेत्रको परिचय, जनसाङ्ख्यिक वितरण, उमेर, धर्म, शिक्षा, आम्दानी, आर्थिक र पेशागत वितरणको अध्ययन गरिएको छ । पाचौ अध्यायमा गुरुङ् परिवारमा सम्पत्ति माथी महिलाहरूको पहुँच कस्तो छ विश्लेषण गरिएको छ । स्त्रीधन वा पेवाको सम्पत्तिमा उनीहरूको अधिकार कस्तो छ, पैत्तिक सम्पत्तिमा समान हक सम्बन्धमा उत्तरदाताको धारणा कस्तो रहेको छ उनीहरूको अधिकार कस्तो छ ? महिलाको सम्पत्तिमा पहुँचको कारण निर्णय क्षमतामा कस्तो प्रभाव परेको छ ? वैदेशिक रोजगारीमा रहेका परिवारमा महिलाहरूको सम्पत्तिमा अधिकार कस्तो छ भनेर विश्लेषण गरिएको छ । छैटौ अध्यायमा अध्ययनको निष्कर्ष र सारांश राखिएको छ ।

# अध्याय दुई

# साहित्य पुनरावलोकन

## २.१. मार्क्सवादी महिलावाद

मार्क्सवादी महिलावादको उत्पत्ति र विकासको सन्दर्भलाई हेर्दा कालमार्क्स र फेडरिक एन्गेल्सको कृति “ओरिजिन अफ दी फ्यामिली प्राईभेट प्रोपटी एण्ड दी स्टेट” (१८८४) लाई लिन सकिन्छ । जसमा समाजमा रहेको लैङ्गिक विभेदको कारक तत्वहरू र विश्लेषणका तरिकाहरूको उल्लेख गरिएको छ । मार्क्सवादी महिलावादले वर्गिय आधारमा समाजको व्याख्या र विश्लेषण गर्ने सकिएमा महिला माथिको दमन, विभेद, असमानता जस्ता पक्षलाई हटाउन सकिन्छ भन्ने सोचाई राख्दछ । यस प्रकारको महिला माथिको दमन, अत्याचार तथा शोषण खासगरी पितृसत्ता र पुजिवादी संरचनाबाट भएको निष्कर्ष मार्क्सवादी महिलाहरूको रहेको छ । निजी सम्पत्तिको अवधारणाको विकाससँगै उत्पादन व्यवसायमा पुरुषको सहयोगका रुपमा महिलाहरूलाई परिभाषित गरियो जसलाई मलजल गर्ने कार्य समाजमा रहेको पितृसत्ताले गर्‍यो । जहाँ स्रोत माथिको नियन्त्रण पुरुषको हातमा केन्द्रित भएको हुन्छ ।

समाजको पुजीवादी ढाँचामा परिवार स्तर बाटै श्रमको शोषण भएको छ । महिलालाई गलत सामाजिकीकरण गरिएको छ । कम चेतनामा काम लगाईएको छ । घरायसी कार्यलाई उत्पादनशील कार्यको रुपमा गणना गरिएको छैन । विद्यमान पितृसत्तालाई कायम राखि राख्न त्यस्तै किसिमका मूल्य र मान्यताहरू पुजिवादी समाजमा बनाएका छन् । त्यसैले मार्क्सवादीहरू वर्तमान संरचनालाई सुधार नगरी आमूल परिवर्तनबाट लैङ्गिक विभेद हटाउन सकिन्छ भन्ने मान्यता राख्छन् तर पनि उनीहरू वर्तमान संरचनामा समान ज्याला, न्यायपूर्ण दृष्किोण, कार्यको मूल्याङ्कन, व्यवहारिक श्रम विभाजन आदिलाई जोड दिन्छन् (रीट्जर १९९६) ।

## २.१.१ नेपालमा महिलावाद

नेपालमा पश्चिमी मुलुकको जस्तो महिलावादका निम्ती आन्दोलन सिंगो महिला समाजलाई लिएर भएको छैन । जस्तो-युरोप, अमेरिकामा मताधिकारको आन्दोलन र दोस्रो चरणको आन्दोलनको प्रभाव जति उग्ररुपमा पश्चिमी देशमा भए भारत, नेपाल लगायत एसियाका महादेशमा न्यून रुपमा देखा परेको थियो । तथापि पश्चिमी देशको महिला आन्दोलनले ल्याएको परिवर्तनको प्रभाव स्वतः महिला जगत्मा संसार भरि परेको हो । साथै संयुक्त राष्ट्र संघको पहलमा सर्वत्र महिला समानताका कानुन बन्दै गएको हो । नेपालमा २००७ सालभन्दा पूर्व राजनीतिक हकका निम्ति पुरुषसँग काँधमा काँध मिलाएर महिलाहरूले संघर्ष गरेका हुन् त्यसमा दुईमत छैन । त्यसपछि २००७ सालको फागुन ७ गते नै प्रजातन्त्रको घोषणा भएको थियो । राणा शासनकाल पुरानो मुलुकी ऐन सनद रोक्का र लालमोहरबाट चलेको थियो । राणा शासनकाल पुरानो मुलुकी ऐन सनद ३ सरकारका परिवार र शाह परिवार, श्री ५ का परिवारका महिला सदस्यहरूलाई पनि कुनै स्वतन्त्रता थिएन । मनुस्मृति र हिन्दु धर्मका आदर्शमा चलेको त्यो शासनमा महिलाहरू अतिनिरंकुश र विभेदका सिकार भएर बाँचेका थिए ।

प्रजातन्त्र प्राप्ति पूर्वदेखि महिलाले देशको राजनीतिक लडाइँमा सहयोद्धाका रुपमा भूमिका निर्वाह गरेको हुदाँ स्वतः तिनले क्रान्ति पछि  आमनिर्वाचनमा मतदानको अधिकार प्राप्त गरेका थिए । राणाकालमा मतदानको अधिकार महिलालाई त के पुरुषमा पनि थिएन । तसर्थ प्रजातन्त्रको प्राप्तिका निम्ति महिला पुरुष दुवै वर्गले सामूहिक रुपमा संघर्ष गरेका थिए । २००७ सालको क्रान्तिपछि प्रथम मन्त्रिमण्डलमा द्धारिकादेवी ठकुरानी पहिलो मन्त्रीका रुपमा सहायकमन्त्री भएकी थिईन् । २००७ सालको क्रान्तिपछी गठित प्रजातान्त्रिक व्यवस्थाको अपहरण २०१७ सालमा भएको थियो । त्यसपछि ३० वर्षसमम्म पञ्चायती एकतन्त्रात्मक शासन व्यवस्थाको गठन भयो, जहाँ संविधानभन्दा माथि राजा थिए । यस व्यवस्थामा सक्रिय भएका विभिन्न वर्गीय संगठनमध्ये महिला संगठन पनि एक थियो र ती संगठनबाहेक अन्य सामाजिक संगठनहरू पनि गठित भएका थिए र त्यस्ता संगठनमा राजपरिवारको महिला सदस्यहरू मात्र प्रमुख पदमा सक्रिय थिए । त्यहाँ महिला हकहितसम्बन्धी काम हुनुभन्दा बढी राजपरिवारको गुणगान, भजन र जन्मोत्सव मनाउने जस्ता कार्यक्रम बढी हुने गरेका थिए । वस्तुतः पञ्चायतकाल २०१७ देखि २०४६ सालसम्म

महिलाको राजनीतिक, सामाजिक, आर्थिक उन्नतिका निम्ति केही न्यून प्रयाससम्म भएको पाईन्छ । अन्तर्राष्ट्रिय महिला दशक सन् १९७६ देखि १९८५ को अवधिमा संयुक्त राष्ट्रसंघको आह्वानमा मुलुकी ऐनमा छैटौं संशोधन विशेषतः महिलाको हकहितमा कानुन परिवर्तन ल्याउन गरिएको थियो । जहाँ केही महिलाको हकहितमा कानुन परिवर्तन गर्दाको अवस्थामा ३५ वर्ष पुगेकी कन्या छोरीले अंश पाउने, बिहे भएको १५ वर्ष अथवा ३५ वर्ष पुगेकी सधवा वा ३० वर्ष पुगेकी विधवा स्वास्नी मानिसले अंश पाउने, सम्बन्ध विच्छेदमा केही परिवर्तन गरी महिलाले जिल्ला अदालतमा उजुर गर्न र पुरुषले गा.वि.स. र नगरपालिकामा उजुर गरी सम्बन्ध विच्छेद गर्न पाउने तथा दुवैको मञ्जुरी भएमा सम्बन्ध विच्छेद गर्न पाउने, महिलालाई घरपरिवार र लोग्नेले खान, लाउन नदिई कुटपिट गरी घरबाट निकालेमा अंशको दाबी गर्न पाउने जस्ता उदारवादी कानुनहरू पारित भएका थिए ।

पञ्चायती शासनकालमा ३० वर्षसम्म हात्तीको देखाउने दाँत जस्तो महिलालाई एक-दुई ठाउँमा राष्ट्रिय पञ्चायत वा मन्त्रिमण्डलमा मनोनीत गर्ने कामसम्म गरिएको थियो । त्यो पनि त्यस्ता व्यक्ति राजदरबारको नजिक हुनु पर्दथ्यो, अन्यथा त्यस्तो नियुक्तिको कुनै गुन्जाइँस थिएन । २०४६ सालमा बहुदल प्राप्तिपछि धेरै कुरामा ढोका खुलेको हो । २०४६ सालको आन्दोलनमा महिलाहरू पनि अति सक्रिय भएका थिए, यो आन्दोलनसँग महिला वर्गको एउटा उदासीनता (Frustration) पनि जोडिएको मान्नुपर्दछ । महिलाको आन्दोलनको सन्दर्भमा संयुक्त राष्ट्रसंघको भूमिका त्यति नै सक्रिय भएको बखत नेपालमा महिलाको आर्थिक, सामाजिक, राजनीतिक र साँस्कृतिक आन्दोलन एक प्रकारले शुन्य थियो । कुनै परिवर्तन भएको थिएन । तसर्थ यो आन्दोलनमा महिला नेतृ, महिला गृहणी, जागिरे युवती, छात्रा सबैले भाग लिएका थिए र भावी महिलाको हकहितका निम्ति सक्रिय बनेका थिए । २०४५ सालको संविधानले नेपाल पक्षले गरेको अन्तराष्ट्रिय सन्धि सम्झौतालाई कानुन सरह अदालतमा व्याख्या हुने भएपछि र सन्धि ऐन, २०४६ को दफा ९ ले अन्तराष्ट्रिय सन्धिहरूलाई मान्यता दिएको कारणबाट साथै नेपालले २०४६ सालपछि धेरै अन्तराष्ट्रिय सन्धिहरू, महासन्धिहरू, सविदाहरूलाई मान्यता दिएको पनि थियो । सर्वप्रथम केही अन्तराष्ट्रिय सन्धिमा नागरिकको राजनीतिक अधिकारसम्बन्धी १९६६ र आर्थिक, सामाजिक, साँस्कृतिक सविदा १९६६ लाई मान्यता प्रदान गरेको थियो । त्यस्तै १९९२ मा महिलाविरुद्ध हुने सबै प्रकारका भेदभावसम्बन्धी महासन्धि (CFDAW) त्यस्तै थुप्रै सन्धिलाई मान्यता

दिएको छ । त्यस्तै महिलाविरुद्ध हुने भेदभाव सम्बन्धी महासन्धिपछि त्यसको वैकल्पिक सविदालाई पनि मान्यता दिएको हो (कार्की सुशिला २०६८) ।

उपरोक्त नेपालबाट हस्ताक्षरित सन्धिहरू नेपालको सन्धिसम्बन्धी ऐन, २०४६ को दफा ९ ले नेपालको कानुन सरह मानिएको हुदाँ साथै तत्कालको संविधान, २०४६ को धारा १०६ को देहाय १ र २ मा सार्वजनिक सरोकारको विवादमा जो कोहीले पनि मुद्धा दायर गर्ने प्रावधान अनुसार यसै आधारमा लैंगिक समानता सम्बन्धी विवादमा श्री सर्वोच्च अदालतमा धेरै मुद्धाहरू सार्वजनिक सरोकारका रुपमा दर्ता भएका छन् र भइरहेका छन् । जसमा महिलाको आर्थिक समानता, राजनीतिक समानताका बारेमा व्याख्या भएको छ । यसै कारणबाट पति कयौं विभेदकारी कानुनहरूलाई संविधानसँग बाझेका आधारमा खारेज गरिएको पनि छ । यसरी लैंगिक समानताका निम्ति नेपालको सन् १९९५ को बेइजिङको अन्तराष्ट्रिय सम्मेलनलाई मान्यता दिई यसको घोषणापत्रलाई स्वीकार गरेको हो । नेपालले प्रथम महिलाहरूको अन्तराष्ट्रिय सम्मेलन मेक्सिको देखि नै आफ्ना प्रतिनिधिहरू पठाउने गरेको छ । यसको अतिरिक्त महिलासँग सम्बन्धित अन्य सम्मेलन सन् १९९४ को जनसंख्या र वातावरणसम्बन्धी सम्मेलनमा कायरोमा पनि नेपालले भाग लिएको थियो । अन्तराष्ट्रिय मान्यताअनुसार संयुक्त राष्ट्रसंघले देखाएको बाटोअनुसार नेपालले महिला आयोगको गठन गरेको छ र त्यहाँ महिलासम्बन्धी गम्भीर विवादहरू र हिंसाका मामिलाहरू हेरिने गर्दछन् । लैंगिक समानताको आधारबाट अन्तरिम संविधानमा ३३ प्रतिशत महिला सभासदहरूको उपस्थिती निर्वाचित वा समानुपातिकका आधारमा जम्मा ६०१ सभासदमध्ये १९१ जना महिलाहरूको प्रतिनिधित्व र मनोनित ६ समेत गरी जम्मा १९६ जना रहेका छन् ।

राजनीतिक दलहरूले कुनै प्रकारले आफ्ना दलहरूबाट ३३ प्रतिशत महिलाहरूलाई प्रतिनिधित्व गराउनुपर्ने संविधानको अवधारणा अनुसार संविधानसभामा त्यतिको संख्यामा महिलाको उपस्थिति हुन सकेको प्रस्ट छ । त्यसैगरी महिला हक सम्बन्धमा २०५९ सालमा मुलुकी ऐनमा ११ औं संशोधन आएको थियो भने २०६३ सालमा लैंगिक समानतासम्बन्धी कानुनमा व्यापक परिवर्तन आएको पाईन्छ । तथापि नेपालमा लैंगिक समानताका निम्ति अन्तरिम संविधानमा मौलिक हकसम्बन्धी प्रावधानमा महिलासम्बन्धी हक दफा २० मा राखिएको पाईन्छ । यसमा महिलाको सम्पत्तिसम्बन्धी हक, प्रजनन् सम्बन्धी हक लगायत अन्य हक छन् । त्यस्तै महिलाहरूलाई राजनीतिक हकको पनि व्यवस्था गरेको छ । तथापि

समष्टिगतमा मूल्याङ्कन गर्ने हो सानो देश नेपालमा जे जति महिलाको विकास व्यवहारमा हुनु पर्दथ्यो त्यति हुन सकेको भने पाइदैन । आज विचारणीय कुरा के छ भने कानुन, संविधान र नियमहरूमा महिला समानता र लैंगिक न्यायका बारेमा सर्वोच्च अदालतबाट कैयौं आदेश, फैसला, न्यायिक टिप्पणी जो अन्तराष्ट्रिय स्तरका नै भएका होलान् तर त्यो कागजी प्रयासबाट मात्र हुँदो रहनेछ ।

महिला समानता र लैंगिक न्यायका निम्ति भनी यहाँ हजार संख्यामा गैरसरकारी संगठन र अन्तराष्ट्रिय गैरसरकारी संगठनहरू सक्रिय छन् । तर परिमाण केही देखिदैन । महिलाहरूको शिक्षाको प्रतिशत त्यो पनि अक्षर पढ्नेको संख्या ४२.८ प्रतिशत पाईन्छ । पुरुषको यही संख्या  ६० प्रतिशत छ । यसरी नेपालबाट प्रत्येक वर्ष अशिक्षा, दमन, आर्थिक अभावको कारण र फकाएको फुल्याएको वा स्वय आफन्तबाट बेचिएका कारण १२ देखि १५ हजार महिलाहरू, बालबालिकाहरू बिक्रि हुने गर्दछन् । निम्न परिवारमा दयनीय र गरिबीको अवस्था हुँदा त्यसको सबै दायित्व महिलाले लिनुपर्ने हुन्छ । यसरी नेपालमा महिला अधिकारवादीको महिलाहरूको उत्थानको अभियानको सन्दर्भमा विचार गर्दा मात्र सैद्धान्तिक पक्षमा दाबी गरेर मात्र पुग्दैन, व्यवहारमा महिलालाई आर्थिक पक्षमा सक्षम बनाउने अभियानको संञ्चालन पनि गनुपर्दछ । त्यस्तै राजधानी र सहरी क्षेत्रमा भाषण गदैमा महिलावादको स्थापना हुँदैन । नेपाली महिलाको जंनसख्या अधिकार गाउँमा छ । त्यहाँ परिवर्तन नभई मुलुकमा परिवतन आउदैन तसर्थ प्रत्येक अभियान ग्रामीण क्षेत्रमा शिक्षा, सेवा, तालिम, आर्थिक, सामाजिक, रोजगारी, स्वस्थ उपचार सबै कुराम केन्द्रित हुन जरुरी छ । अन्यथा कागजमा उल्लेख गरेको महिलावादको परिमाण कागजमा सीमित हुनेछ, व्यवहारमा आउने छैन ।

## २.१.२ महिलाको सम्पत्ति सम्बन्धी अधिकार

छोरीलाई जन्मैदेखी पैत्तिक सम्पत्तिमा अंश अधिकार प्राप्त हुन्छ । महिलाको विवाह हुने बित्तिकै देखी निजको श्रिमानबाट अंश हक लाग्छ । यो अधिकार महिलालाई मुलुकी ऐनको एघारौं संशोधनले प्रदान गरेको हो । साथै नेपालको संविधान २०७२ ले पनि सम्पत्तिमा समान अधिकार प्रदान गरेको छ ।

## महिला सम्पत्तिको प्रकारहरू

१) स्त्रीधन

२) स्त्री अंशधन

## १) स्त्रीधन/पेवा

महिलाले आफ्नो स्व इच्छाले स्वतन्त्रपूर्वक आफु खुसी अनुसार भोगचलन गर्न पाउने धन सम्पत्तिलाई स्त्रीधन भनिन्छ । जुन सम्पत्ति आफ्नो इच्छा अनुसार भोग चलन गर्ने, बेचबिखन गर्ने, दान बकस गर्ने वा इच्छापत्र बनाउने वा कसैलाई बहालमा दिन सक्दछिन् । कसैको मन्जुरी लिइराख्नु पर्दैन । यस्तो स्त्रीको स्वामित्व रहेको धन नै स्त्रीधन हो । स्त्रीधन अन्तगर्त महिलाको विवाह अघि प्राप्त सम्पत्ति, आफैले कमाएको स्वआर्जनको सम्पत्ति, दाइजो, पेवा, दान वाकस आदिबाट प्राप्त सम्पत्तिहरू पर्दछन् । स्त्रीधनका प्रकारहरू निम्न अनुसार रहेका छन् :

**क)** **स्वआर्जन**: आफ्नो विधा, बुद्धि, विवेक, ज्ञान, सीप प्रयोग गरेर आर्जन गरेको सम्पत्तिलाई स्वआर्जन भनिन्छ । जस्तै : ज्याला, परिश्रमबाट प्राप्त सम्पत्ति ।

**ख)** **दाइजो** : विवाह अघि, विवाह पछि वा विवाहको समयमा आमा बाबु वा माइती पक्षका नातागोताले दिएको सम्पत्तिलाई दाइजो भनिन्छ ।

**ग)** **दान बाकस** : कसैले दान बाकस दिएको सम्पत्ति महिलाले आफू खुसी प्रयोग गर्न सक्छिन् र त्यस्तो सम्पत्ति अरुलाई बाकसमा दिन वा कसैलाई इच्छाउन सक्छिन् ।

## २) स्त्री अंशधन

संगोलको सम्पत्ति अंशवण्डा हुँदा स्त्रीको भागमा अंश बापत पर्न आउने सम्पत्ति नै अंशधन हो । स्त्री अंशधन महिलालाई निम्न अवस्थामा पाउँछन् ।

क) एकासंगोलमा रहदाको छोरीको अवस्था,

ख) विवाहीत श्रीमतीको अवस्था,

ग) एकल (श्रीमानको मृत्यु प्रश्चात) महिलाको अवस्था,

घ) सम्बन्ध विच्छेद गर्दाको अवस्था,

**क) एकासंगोलमा रहदा छोरीको अवस्था** :

पैतृक सम्पत्तिमा एकासंगोलमा रहदा छोरीको जन्मसिद्ध अधिकार हुन्छ, जुन जन्म हुने बित्तिकै प्राप्त हुन्छ । एकासंगोलका छोरीले अंश वापत पाएको चल, अचल सबै सम्पत्ति भोग चलन, बेचबिखन आफू खुसी गर्न सक्दछिन् ।

**ख) विवाहित श्रीमती (सधवा) अवस्था** :

विवाह पश्चात् महिलालाई श्रिमानको सम्पत्ति माथी पुर्ण अधिकार हुन्छ । श्रीमानले इज्जत, सम्मान साथ खान, लाउन, स्वास्थ्य आदि व्यवस्था गर्नुपर्दछ । श्रीमानसँग मनमुटाव भएमा श्रीमती जुनसुकै बेला अंश लिई छुट्टै बस्न सक्छिन् । त्यसरी अंश वापत प्राप्त गरेको चल अचल सम्पत्ति आफ्नो खुसी अनुसार भोगचलन, बेचबिखन गर्न सक्छिन् ।

**ग) एकल (श्रीमानको मृत्यु पश्चात्) महिलाको अवस्था** :

श्रीमानको मृत्यु प्रश्चात महिलाले चाहेमा जहिले सुकै पनि आफ्नो अंश लिई भिन्न बस्न सक्छिन् । त्यस्तो अंश वापत प्राप्त गरेको सम्पत्ति आफ्नो खुसी अनुसार भोगचलन गर्न वा बेचबिखन गर्न सक्छिन् ।

**घ) सम्बन्ध विच्छेद महिलाको अवस्था** :

महिला पुरुषको सम्बन्ध विच्छेद हुने भएमा श्रीमतीले अंश लिएर मात्र सम्बन्ध विच्छेद हुने व्यवस्था मुलुकी ऐन एघारौ संशोधनले गरेको छ । यसरी अंश वापत प्राप्त सम्पत्ति महिलाले अर्को विवाह गरेमा आफू सँगै लैजान पाउँछिन्, पहिलो श्रीमान फिर्ता दिनु पर्दैन । यस्तो चल, अचल सबै सम्पत्ति महिलाले आफू खुसी गर्न पाउँछिन् । तर यस प्रकारको महिलाले अर्को विवाह नगरेमा वा कुनै पनि सन्तान नभएमा निजको शेष पछि निजले पाएको त्यस्तो सम्पत्ति बाँकी रहेमा अघिल्लो श्रिमान पट्टिका सन्तान भए त्यस सन्तानले र सन्तान नभए अघिल्लो श्रीमानले नै पाउने छन् ।

## २.२ पूर्व साहित्य समिक्षा

बुढाथोकीले आफ्नो शोधपत्र वुमन पार्टिसिपेसन इन हाउसवल्ड डिसिजन मेकिङमा धादिङ जिल्लाको फूलदखर्क गा.वि.स का गुरुङ्ग, क्षेत्री र सार्की जातिका विवाहित महिलाहरूको

तुलनात्मक रुपमा घरायसी निर्णयको प्रक्रियामा उनीहरूको सहभागितालाई समाजशास्त्रिय दृष्टिकोणबाट अध्ययन गरेका छन् । सार्की समुदायमा महिलाहरू बढी निरक्षर भएकाले उनीहरूको घरायसी निर्णय प्रक्रियाको स्थिति त्यति सन्तोष जनक रहेको पाईदैन । गुरुङ्ग समुदायका महिला भन्दा क्षेत्री समुदायका महिलाहरू बढी शिक्षित रहेको यस गा.वि.स मा सार्की समुदायका महिलाले भने पढदापढ्दै पढाईलाई निरन्तरता नदिई बिचमै छाडेको पाइयो । दलित महिलाहरूको घरायसी निर्णयको प्रक्रियामा न्यून सहभागिता रहेको र उनीहरूको सामाजिक तथा आर्थिक अवस्था पनि निकै नै नाजुक रहेको बताइएको छ (बुढाथोकी सन् २००८) ।

पौडेल (२०७०) चितवन नगरपालिका वडा नं १२ का दराई समुदायमा रहेको पैत्तिक सम्पत्ति लगायतका अन्य सबै चल अचल सम्पत्ति पुरुष हरूको नै स्वामित्व रहेको छ । तर महिलाहरूले माईतीबाट प्राप्त गरेको दाइजो पेवा तथा स्वआर्जनका सम्पत्तिमा भने महिलाहरूको नै स्वामित्व रहेको छ । त्यस्तै परिवारमा रहेको सम्पत्तिमा महिलाहरूको स्वामित्व स्थापित हुन नसकेको कारण उनीहरूको बढी कृषि घरपालुवा पशुपन्छी लगायतका अन्य आर्थिक निर्णयहरूमा महिलाहरू पछाडि रहेका छन् ।

श्रेष्ठ (२०७१) पोखरा उपमहानगरपालिको बाटुलेचौरमा गरिएको अध्ययनघरायसी निर्णय प्रक्रियामा गन्धर्व जातिका महिलाहरूको सन्तोषजनक सहभागिता रहेको पाईन्छ । चेतनाको विकास, शहरीकरणको प्रभाव तथा शैक्षिक क्षेत्रमा भएको सकारात्मक सुधारको कारणले गर्दा यस क्षेत्रका गन्धर्व समुदायका महिलाहरूको स्थितिमा सुधार आएको देखिन्छ ।

वीना अग्रवाल (१९९४) का अनुसार भारतको पाँच वर्षिय योजना (१९८०-८५) का अनुसार हामीले देख्न सक्छौ कि पहिलो सीमित मान्यता अनुसार महिलाहरूलाई भुमिको आवश्यकता छ । (यो गरिबको हकमा मात्र लागु हुने)

(१९९२-९७) यसले कृषिभूमी र महिलासँग सम्बन्धित विशिष्ट बुदाहरू बनाएको थियो । एउटा महत्वपूर्ण कार्य भनेको महिलाहरूको जिवनस्तरमा सुधार ल्याउनु हो । यसको लागी वंशाणुगत कानुनमा परिवर्तन हुनुपर्दछ । जसको कारण महिलाहरूले बुबाआमाको सम्पति बराबर पाउँछन,तर यो नीतीमा भए पनि कार्यान्वयन हुन्छ भन्ने कुनै सुनिश्चित छैन । नेपालको (१९९२-९७) को योजनामा महिलाहरूको रोजगारी र विभिन्न क्रियाकलापहरूमा

महिलाहरूको सहभागिता बढिरहेको छ, तर जमिन सम्बन्धि आवश्यकताहरू कतै पनि समावेश गरिएको छैन ।बंगलादेशको पाँच वर्षिय योजनाअनुसार (१९९०-९७) यसमा महिला रोजगारी, साक्षरता, स्वस्थ, पोषण तर महिलालाई भूमी भनेर कतै पनि व्याख्या गरेको छैन। त्यस्तै गरी पाकिस्तानको रिपोट अनुसार महिलाहरू सम्बन्धि समुह र महिलाको विकास सम्वन्धि कार्यक्रम (१९८३-८८) सिफरिस भएका सम्पूण जमिन वितरणहरू अन्तर्गत संयुक्त रुपमा दुवैको नाममा भुमी दर्ता हुनुपर्दछ भने थियो तर यो सिफारिस औपचारिक दस्तावेजमा भने शामिल गरिएको छैन। पाकिस्तान थपदै (१९९३-१९९८) कागजी वाचा अनुसार महिलाहरूको शिक्षा र रोजगारीमा सुधार गर्ने, तर सम्पति सम्बन्धी अधिकारको भने कतै उल्लेख गरिएको छैन ।

तुलाचन (२०१२) ले ललितपूर जिल्लाको चापागाई गा.वि.स भ्यालुङ्टारमा बसोबास गर्ने महिलाहरूको पशु चौपाया उत्पादन तथा घरायसी व्यवस्थापनमा कस्तो खालको लैङ्गिक भुमिका रहेको छ भनी अध्ययन गरेकी छिन् । यस क्षेत्र पुर्ण रुपमा खेतिपाती तथा पशुपालनमा आधारित रहेको पाईन्छ । उनले यस क्षेत्रमा बाह्मण, क्षेत्री मगर तथा दलित जातिका बारेमा महिलाहरूलाई लक्षित गरी पुरुष र महिलाहरूमा खेतीपाती लगाउने पशु चौपाया किन्ने तथा अरु लेनदेनका व्यवहार सम्बन्धमा अध्ययन गरेकी छिन् जसमा पुरुषले नै मुख्य भूमिका खेलेको पाइयो ।

चापागाई (२००९) स्याङ्जा जिल्ला श्रिकृष्ण गा.वि.स का सार्की जातिको सामाजिक आर्थिक अवस्था र व्यवसायिक परिवर्तन विषयमा अध्ययन गरेकी छिन् । यस अध्ययनमा सार्की जातिहरू सामाजिक तथा आर्थिक रुपमा पिडित छन् र यसको मुख्य कारण जातिय छुवाछुत विभेद, हिंसा, उदासीन बानी, निरासपन, पेशालाई न्युन रुपमा लिनु, खसी चुरोट सेवन गर्नु अनावश्यक खर्च, सरसफाइको अभाव, खानपिनको कमीले उनीहरूलाई हरेक पक्षबाट कमजोर बनाएको छ ।

मीना आचार्यका अनुसार (१९९७) अभिभावकहरुले छोराको शिक्षाको लागि जतिपनि पैसा लगानी गर्न सक्छन तर छोरीको लागि पैसा लगानी गर्ने चाहँदैनन् किनकी छोराले बुढेसकालमा आमा बुबाको जिम्मेवारी उठाउछ, जबकी छोरीहरु आफ्नो घरमा पाहुना हुन्छन जुन घरमा उनीहरु जन्मेका हुन्छन । महिलाहरू पुरुषको बराबर राजनीतिक सहभागितामा जनाउन सक्दैनन् किनकी गतिशिलतामा कमी हुनु र श्रोतहरूमा कमी हुनु

अर्कोतिर महिलाहरूको प्रगति एकदम सीमित छ, किनभने उनीहरूको राजनीतिक निर्णय बनाउने तहमा प्रतिनिधित्व सीमित छ । सगैं कमी हुनु रोजगारीका वैकल्पीक पक्षहरूमा र श्रोतहरूको पहुँचमा पनि कमी हुनु, महिलाहरूमा शिक्षाको अभाव र कुनैपनि काममा दक्षता हासिल गर्ने समाजमा विभिन्न बाधा, अवरोध हुने भएका कतिपय महिलाहरू आफ्नो जिवन निर्वाह गर्ने कुनै श्रोत नपाएकाले यौन धन्दा गर्न बाध्य छन् । यो समस्या क्षेत्रिय रुपमा नै छ । त्यस्तो कारण सीमित क्षेत्र हुनु, महिलाहरू आर्थिक रुपमा कमजोर हुनु हो ।

कुमान सिहं गुरुङ् (२०७२) ले तयार पारेको "गुरुङ् समुदायमा सम्पत्ति माथि महिलाहरूको स्वामित्व र निर्णय भुमिका" शोधपत्रमा गुरुङ् जातिको सम्पत्तिको बारेमा र घरायसी निर्णय प्रक्रियाको बारेमा अध्ययन गरिएको छ ।

यसरी माथिको समिक्षा गरिएका अनुसन्धानमा गुरुङ् समुदायमा सम्पत्ति माथि महिलाहरूको स्वामित्व र निर्णय भुमिका भन्ने शिर्षकमा अध्ययन भएको भए पनि यस ठाउँमा अध्ययन नभएको साथै तागाधारी परिवारमा सम्पत्तिमा स्वामित्व र निर्णय भुमिकामा महिलाहरू न्युन सहभागिता भएको हुँदा मतावली महिलाहरूको सम्पत्तिमा स्वामित्व र निर्णय भूमिकाको बारेमा वास्तविक यथार्थ पत्ता लगाउन यो अध्ययन गरिएको हो ।

# अध्याय तीन

# अध्ययनको विधि

कुनै पनि अनुसन्धान कार्यमा अनुसन्धानको पद्धतिले महत्वपुर्ण भूमिका खेलेको हुन्छ । अनुसन्धानको उपयुक्त विधि अपनाएर आफ्नो उद्देश्य उन्मुख हुन अति आवश्वक हुन्छ । अनुसन्धानको विश्वसनियता र प्रभावकारीता कति छ भन्नका लागि यो अनुसन्धान कति व्यवस्थित विधिबाट लक्षित उदेश्य हाशिल गर्न सार्थक रहन्छ भन्ने कुरामा भर पर्दछ । त्यसैले यस अध्ययनमा अध्ययनलाई वैज्ञानिक र व्यवस्थित बनाउनको निम्ति अध्ययन क्षेत्र छनौटको औचित्य, अनुसन्धानको ढाचाँ, तथ्याङ्कको स्रोत एंव प्रकृति तथ्याङ्क संकलन विधिहरू समग्र र नमुना, तथाङ्कको विश्वसनियता एवम प्रमाणिकता, तथ्याङ्कको विश्लेषण तथा प्रस्तुतीकरण गरिएको छ ।

## ३.१ अध्ययनको क्षेत्र छनोटको औचित्य

नेपालमा विभिन्न धर्म संस्कृति, रितिरिवाज, चालचलन, भेषभुषा, जातजाती भएका मानिसहरू बसोबास गर्दछन् । जहाँ यस अध्ययनमा गुरुङ्ग समुदायका महिलाहरूलाई मात्र समावेश गरिएको छ । स्थलगत अवलोकन गर्दा तागाधारीहरूमा महिलाहरूको पारिवारिक निर्णय क्षमता कमजोर देखिएको र यस सन्दर्भमा मतवालीहरू महिलाहरूको निर्णय प्रक्रिया के-कस्तो छ, उनीहरूमा सम्पतिको पहुच कस्तो छ भन्ने कुरा जाने उत्सुकताले गर्दा यो क्षेत्र छनोट गरिएको हो । अध्ययन क्षेत्र पोखरा महानगरपालिका चाउथेमा रहेको शितलनगर टोल रहेको छ । गुरुङ् समुदायमा सम्पत्ति माथि महिलाहरूको स्वामित्व र निर्णय भुमिका बारे अध्ययन भएको भए पनि यस स्थानमा अध्ययन नभएको हुँदा यस क्षेत्र छनोट गरिएको हो । यस ठाउँमा बसोबास गर्ने गुरुङ् महिलाहरू शिक्षित, मैत्रीपूर्ण व्यवहार गर्ने र तथ्याङ् संकलन गर्न सहज हुन्छ भनेर यो क्षेत्र छनोट गरिएको हो ।

## ३.२ अनुसन्धानको ढाँचा

प्रस्तुत अनुसन्धानमा वर्णनात्मक ढाँचा र व्याख्यात्मक ढाँचा अवलम्बन गरिएको छ । यस अध्ययनको मुख्य जोड शितल नगर टोलमा बसोबास गर्ने गुरुङ् परिवारको सम्पत्ति माथि

महिलाको पहुँच सम्बन्धी अध्ययन गरिएको छ । अध्ययन क्षेत्रमा रहेका गुरुङ् महिलाहरूको सम्पत्तिमा पहुँच तथा अधिकार पहिचान गर्ने यस अनुसन्धानमा वर्णनात्मक विधि तथा व्याख्यात्मक ढाँचा अवलम्वन गरिएको छ ।

## ३.३ तथ्याङ्कको स्रोत र प्रकृति

प्रस्तुत अनुसन्धानमा प्राथमिक र द्बितिय स्रोतबाट तथ्याङ्क र सूचनाहरू संकलन गरिएको छ ।

**प्राथमिक स्रोतहरू :** प्राथमिक श्रोतबाट वास्तविक तथ्याङ् प्राप्त गरिन्छ । यसलाई अध्ययन गर्ने व्यक्ति वा समुहले आफैं संकलन गरेको हुन्छ । यस अनुसन्धान प्राथमिक श्रोतबाट तथ्याङ् गर्नको लागि अन्तवार्ता अनुसुचि विधि अपनाइएको छ ।

**द्बितिय स्रोतहरू** : कुनैपनि अनुसन्धात्मक अध्ययनका लागी आवश्यक हुने सुचना वा जानकारी प्राप्त गर्नका लागि अन्यले प्रकाशित गरी सकेका तथ्यांकहरूको सहायता लिने प्रक्रिया तथ्यांकको द्बितिय श्रोत अन्तगर्त पर्छ । द्बितिय तथ्यांकहरू पहिले नै अन्यबाट जम्मा गरिएका हुन्छन् । यस अनुसन्धानमा द्बितिय श्रोतमा लेख, रचना, समिक्षा, प्रकाशन भएका कृतिहरू र अप्रकाशित कृतिहरू आदी समावेश गरिएको छ ।

## ३.४ समग्र वा नमुना छनोट

गुरुङ्ग समुदायको महिलाहरूको सम्पत्ति माथि स्वामित्व र निर्णय भूमिका बारेमा अध्ययन गर्नेका लागि पोखरा महानगरपालिकाको शितल नगर टोल वडा नं १४ लाई लिइएको छ । जसमा जम्मा ७५ घरधुरी रहेको छ । जसमध्ये गुरुङको घरधुरी ३५ रहेको छ जसमा सम्पुर्ण गुरुङ समुदायका महिलासँग छलफल अर्न्तवार्ता अनुसूचिका माध्यमबाट प्राथमिक तथ्याङ्क संकलन गरिएको छ । त्यस टोल अध्यक्षबाट प्राप्त तथ्यांकको आधारमा नमुना छनोट गरिएको थियो ।

## ३.५ तथ्याङ् संकलन विधि

खोज तथा अनुसन्धानका प्रश्नहरूको समाधान गर्नका लागि सान्दर्भिक विशिष्ट जानकारी प्राप्त गर्ने एक व्यवस्थित प्रक्रिया नै संकलन हो । अनुसन्धानकर्ता तथ्याङ्क संकलन गर्नुभन्दा पहिला कुन/कस्तो तथ्याङ्क संकलन गर्ने, कसरी संकलन गर्ने जस्ता कुराहरू

निश्चित गर्नुपर्दछ । प्रस्तुत अनुसन्धानमा तथ्याङ्क संकलन विधिमा अन्तवार्ता अनुसुची गरिएको छ ।

**अन्तर्वार्ता अनुसुची** :

अन्तर्वार्ता अनुसुची भन्नाले एउटा निश्चित शीर्षकमा रहेर त्यस सँग सम्बन्धी प्रश्नहरू बनाएर उत्तरदातालाई सोधिने प्रक्रियालाई अन्तर्वार्ता अनुसुची भनिन्छ । अनुसन्धानको क्रममा उत्तरदाताहरूको लागी अनुसुची फारम तयार गरी सो फारम ३५ जना महिलाहरूसँग भेट गरी उनीहरूको अन्तर्वार्ता लिई भरियो । उक्त फारममा विभिन्न प्रश्नहरू राखिएका थिए जसले उत्तरदाताको सम्पत्ति माथि स्वामित्व र निर्णय प्रक्रियामा उनीहरूको भूमिकाका विषयहरू समेटिएको थियो ।

## ३.६ तथ्याङ्क विश्लेषण एवम् प्रस्तुतिकरण

अर्न्तवार्ता सुचनादातासँग छलफल मार्फत यस अध्ययनको उदेश्य प्राप्तिका लागि जम्मा गरिएका तथ्याङ्कहरूलाई तथ्याङ्कको विशेषताहरूका आधारमा विश्लेषण र प्रस्तुतीकरण विशेषताहरूका आधारमा विश्लेषण र प्रस्तुतीकरण गरिएको छ । प्राथमिक तथा द्बितिय जुनसुकै श्रोतबाट प्राप्त तथ्याङ्कलाई व्याख्यात्मक शौलिमा विश्लेषण र कोशिश गरिएको छ । उत्तरदाताबाट प्राप्त भएको प्रतिक्रियालाई ग्राफ, स्तम्भ तालिका, वृत्त चित्रमा प्रस्तुत गर्न Micro soft Excel को प्रयोग गरिएको छ र विश्लेषण गरिएको छ ।

# अध्याय चार

# अध्ययन क्षेत्र तथा उत्तरदाताको सामाजिक जनसाङ्ख्यिक विवरण

## ४.१ अध्ययन क्षेत्रको परिचय

सात प्रदेशमा विभाजन गरिएको नेपाल एक भूपरिवेष्ठित राष्ट्र हो । यस मध्ये गण्डकी प्रदेशमा पर्ने पोखरा महानगरपालिका वडा नं १४ स्थित शितल नगर टोललाई अध्ययन क्षेत्र लिइएको थियो । यस टोलमा बसोबास गर्ने गुरुङ महिलाहरूको अवस्था लगायत विभिन्न पक्षलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

प्रस्तुत टोलको अध्ययन र अनुसन्धान गर्दा यस टोलमा बसोबास गर्ने गुरुङ्ग परिवारहरू विभिन्न ठाउँ, परिवेशबाट आएका छन् । विभिन्न चालचलन, रीतिरिवाज मान्ने गर्दछन् । उनीहरू छुटाछुट्टै ठाउँबाट बसाईसराई गरी यहाँ आएका हुन् । सबै अनेक ठाउँबाट आएको भएतापनि एक अर्का बीच मिलेर धर्म सँस्कृति, चालचलन, एक अर्का बीच साटासाट गर्दै बसेका छन् । जसले गर्दा गुरुङ्ग जातिमा परम्परादेखि चलि आएको रीतिरिवाज, चालचलनमा परिवर्तन आएको छ ।

समयको परिवर्तन सँगसँगै आधुनिककरणको प्रभाव विश्वव्यापीकरणले गर्दा नै अहिले महिला र पुरुषबीचको खाडल कम हुँदै गएको छ । अहिले समाजमा महिला र पुरुष समान हुन् भन्ने र हेर्न थालिएको छ । विभिन्न अवसर र घरको काम बढी भएर महिलाहरू बाहिर काममा अगाडी बढ्न नसकेका हुन् । उचित वातावरण पाए महिला पनि अगाडी बढ्न सक्छन् भन्ने समाजका सम्पूर्ण नागरिक परिवारलाई अवगत नै छ । पहिला भन्दा अहिले महिला अलि बढी स्वतन्त्र हुन थालेका छन् । पहिला महिलालाई अर्काको घर जाने जात भनेर हेला गरिन्थ्यो भने, अहिले अर्काको घर जानुपर्छ भनेर झन् अगाडि बढ्नुपर्छ, बलियो हुनुपर्छ, आफ्नो खुट्टामा आफैँ उभिनुपर्छ भनेर अझ बढी सपोट र सल्लाह दिएको पाईन्छ । सबैको सोचमा अहिले महिला र पुरुषलाई बराबर रुपमा हेर्ने हो भने मात्र असल समाजको निर्माण हुन्छ, उनीहरू बीच कुनैपनि भेदभाव हुनु हुँदैन भन्ने आवाज उठेको छ । अहिलेको परिवेशमा हेर्दा महिला र पुरुषबीच समानता र मिलेर बसेको विभिन्न समस्याहरू लाई

मिलेर समाधान गरेको पाईयो । समाजमा अहिले सकारात्मक सोचको विकास भएको छ । मानिसले आफुलाई समय अनुसार परिमार्जन गर्दै लगेको छन् ।


### ४.२ सामाजिक जनसाङ्ख्यिक वितरण

जनसाङ्ख्यिक भन्नाले जनसङ्ख्याको आकार, प्रादेशिक वितरण तथा जनसंख्या सम्बन्धी परिवर्तनहरूको तथ्याङ्कीय रुपले अध्ययन गर्नुलाई बुझाउँछ । जनसङ्ख्याको आकार, वितरण, बनावट र परिवर्तन सम्बन्धी अध्ययन गर्ने शास्त्र नै जनसाङ्ख्यिकी हो । यहाँ गुरुङ्ग जाति एक आपसमा मिलेर बसेको देखिन्छ । समयक्रम अनुसार उनीहरूको सँस्कृति, चालचलन, रीतिरिवाजमा पनि परिवर्तन भएका छन् ।

## ४.२.१ शैक्षिक स्थिती

व्यक्ति, समाज र राष्ट्रको विकासका लागि शिक्षा एकदम महत्वपूर्ण मानिन्छ । व्यक्तिको शारीरिक, मानसिक, सामाजिक, साँस्कृतिक सम्पूर्ण रुपमा शिक्षाले विकास गर्दछ । शिक्षाको विकासले नै मानिसहरूमा बौद्धिक क्षमता, ज्ञान, सीप र अनुभवको विकासका साथै उपयुक्त अवसर प्राप्त गर्ने क्षमताको विकास गराउँदछ । पहिला भन्दा अहिले शिक्षालाई बढी जोड दिइएको पाईन्छ । मानिसमा चेतनाको विकास सँगसँगै शिक्षा प्रतिको मोह दिनप्रतिदिन बढ्दै गएको छ । अध्ययन क्षेत्रका गुरुङ्ग महिलाहरूको शैक्षिक अवस्था निम्न अनुसार रहेको छ ।

**चित्र १ शैक्षिक स्थिति**




स्रोत : स्थलगत अध्ययन, २०७७

माथिको चित्रलाई व्याख्या गर्दा अध्ययन क्षेत्रमा बसोबास गर्ने गुरुङ् महिलाहरूमा सामान्य लेखपढ १४ जना, निरक्षर १ जना, एस.एल.सी १० जना, +२ उत्तीर्ण हुने ९ जना, स्नातक उतीर्ण हुने १ जना महिलाको संख्या रहेको छ ।

शिक्षाले व्यक्तिमा पौरख बढाउन, विवेकशील बढाउने कार्य गर्दछ । विवाह पछि महिलाले शिक्षालाई निरन्तरता दिन नसकेको अवस्था देखिन्छ । शिक्षा प्राप्त गरेका व्यक्तिहरू पनि बेरोजगारी हुनुहुन्छ, किनकी शिक्षा प्राप्त गर्दा पनि सहज रुपमा रोजगारी पाइदैन । शिक्षा प्राप्त गर्दैमा बजारमा रोजगार पाइदैन, भने अर्कोतर्फ शैक्षिक रुपमा महिलाहरू पढेका भए पनि परिवारलाई समाल्नुपर्ने, बालबच्चा हेर्नु पर्ने कारणले गर्दा पनि अगाडी बढ्न नसकेको अवस्था रहेको छ ।

## ४.२.२ आर्थिक स्थिति

आर्थिक पक्षले समाजका हरेक पक्ष र क्रियाकलापलाई प्रभाव पार्दछ । यो शैक्षिक, मनोवैज्ञानिक, राजनितीक, सामाजिक पक्षको आधार हो । मानव जीवनयापनको पहिलो शर्त हो । जीवनमा हरेक क्रियाकलाप गर्ने आर्थिक अवस्था बलियो हुनु पर्दछ । आर्थिक रुपमा सक्षम र सबल भए पछी मात्र जीवन सरल र सहज हुने गर्दछ । महिलाहरूको अधिकांश समय घरको काम, बालबच्चाको हेरचाह, सरसफाई, खाना पकाउने, खुवाउने आदिमा दिन बिति रहेको हुन्छ । त्यस्ता घरका कामहरूबाट पैसा नआउने र अनुत्पादन कार्य भएका कारण नै महिलाहरूको आर्थिक अवस्था कमजोर भएको हो । कृषिमा रहेको महिलाहरूको सहभागिता उत्पादित वस्तुहरूको बाडँफाड, बिक्रि, वितरण भएको हुन्छ भने त्यसबाट भएको मौद्रिक आम्दानीमा पुरुषको पकड रहेको हुन्छ । यसरी समाज एंव परिवारमा जसको हातमा पूँजी वा पैसा हुन्छ उसको नै चलखेल, हात र हैकम माथि हुन्छ ।


महिलाका लागी प्रभावकारी आर्थिक सशक्तिकरण त्यती बेला भएको हुनेछ, जतिबेला महिलाको स्रोत, सम्पत्ती र उनीहरूको आफ्नो समय माथि नियन्त्रण गर्न र लाभ प्राप्त गर्न अधिकारको उपभोग गर्न सक्छन् र उनीहरूमा जोखिम व्यवस्थापन र आफ्नो अर्थिक अवस्था र सम्पन्नतामा सुधार गर्ने क्षमता हुनेछ ।

अहिले शिक्षाका कारण उनीहरू आर्थिक आर्यआर्जन मुलक काममा संलग्न हुन थालेका छन् तर पुरुष र महिलाले गर्ने एउटै काममा पनि समान ज्याला नहुँदा अहिले महिलाको श्रम

शोषण भई रहेको छ । काम एउटै त्यसमा सहभागिता एउटै तर ज्याला फरक भएको छ । त्यस कारण पनि महिलाहरूको आर्थिक स्थिती न्युन भएको हो ।

पुरुषको तुलनामा महिलाको आर्थिक स्थिती न्युन रहेको पाईन्छ । महिलाहरू घरको काममा संलग्न रहेको पाईन्छ र पुरुषले घर बाहिरको काम गर्ने भएकोले पुरुषको आर्थिक स्थिती राम्रो रहेको छ । महिला घरको अनुत्पादन कार्यमा संलग्न हुनु, उनीहरूको कार्यको उचित मुल्याङ्कन हुन नसक्नाले उनीहरूको आर्थिक स्थिती न्यून रहेको छ । जसलाई चित्रमा निम्न अनुसार प्रस्तुत गरिएको छ ।

## चित्र २ आर्थिक स्थिति




स्रोत : स्थलगत अध्ययन, (२०७७)

माथिको चित्र व्याख्या गर्दा अध्ययन क्षेत्रमा बसोबास गर्ने महिलाको जम्मा ९ जना महिलाको आफ्नो छुटै व्यवसाय पेशा अंगाल्नु भएको छ भने बाकीँ २६ जना गृहणीको रुपमा हुनुहुन्छ । महिलाहरू आर्थिक रुपमा पछि पर्नुको कारण स्रोत र साधनमा उनीहरूको पहुँच नहुनाले हो । पुरुषहरूले कमाउने वा घर बाहिरको काममा संलग्न हुने र महिलाहरू घर परिवारको हेरचाह, सरसफाई गर्ने कारण र महिलाहरूमा आफुमा आत्मविश्वासको कमी भएका कारणले गर्दा पनि उनीहरू आर्थिक रुपमा पछाडी परेका छन् । महिलाहरू आफ्नो छुटै पहिचान भन्दा पनि घर परिवारका अवस्थामा नै खुसी भएकाले पनि महिलाहरूको आर्थिक अवस्था न्यून भएको छ ।

## ४.२.३ रोजगारीको स्थिती

हाम्रो देशमा पहिलाको भन्दा बढी शिक्षामा सबैको आकर्षण बढको छ । शिक्षा आर्जनबाट नै रोजगारीको अवसर प्राप्त हुने र जीवन जीउन सहज हुने गर्दछ । अहिलेको परिवेश हेर्दा शिक्षा त धेरै थोरै सबैले आर्जन गरेको पाईन्छ तर शिक्षा अनुसार रोजगारीको अवसर प्राप्त भएको पाइदैन । नेपालमा प्राविधिक शिक्षाको अभावका कारणले पनि मानिस शिक्षित भएर पनि बेरोजगारी हुनु परेको छ । पुरुषको तुलनामा अझ महिला बढी बेरोजगारी छन् । किनकी महिलाले घरलाई पहिलो प्राथमिकता दिने कारणले गर्दा नै उनीहरू पछाडि परेका छन् । महिलाले आफ्नो बढी समय घर परिवारलाई बालबच्चालाई दिने हुनाले पनि उनीहरू अरु क्षेत्रमा पछाडी परेका छन् । बेरोजगारी समस्याका कारण धेरै नेपाली विदेशीनु परेको छ ।


## ४.२.४ विवाह

विवाह सर्वव्यापक सामाजिक संस्था हो । जसले मानविय आवश्यकताहरू जस्तै : जैविक, प्राकृतिक, सामाजिक आदिलाई पूर्ति गदै नातेदारी व्यवस्थामा प्रवेश गर्दछ । साधारण भाषामा भन्नुपर्दा केटीलाई केटाको घरमा लैजानुलाई नै विवाह भनिन्छ । विवाह विभिन्न प्रकारको हुने गर्दछन् । जसमध्ये मागी विवाह र प्रेम विवाह बढी मात्रामा हुने गर्दछन् । पहिला गुरुङ्ग समुदायमा रोधी बस्ने प्रचलन थियो । रोधीबाटै जोडी रोज्ने लगनगाठो कस्ने वा जीवन साथी रोज्ने प्रचलन रहेको थियो । उनीहरूको मामाचेली फूपुचेला बीच विवाह हुने चलन अहिले सम्म पनि चलन रहेको छ । सोल्टी सोल्टीनी बीचमा त हक नै लाग्ने भएकाले त्यही ढंगले विवाह हुने गर्दथ्यो । अहिले उनीहरूमा चेतनाको विकास र विभिन्न ठाउँमा घुमेको, देखेको कारण अरुको राम्रो सँस्कृति लिएको अपनाएको र आफ्नो सँस्कृति लाई परिमार्जन गर्दै गएको देखिन्छ ।

वैवाहिक स्थितीले महिलाको जीवनमा महत्वपूर्ण भूमिका खेल्दछ । महिलाहरूलाई वैवाहिक स्थितीले छोरीबाट बुहारीमा परिवर्तन गराउँछ । विवाह पश्चात् महिलाहरूको हैसियत र भूमिकामा परिवर्तन आएर कर्तव्य र कामको भार बढाउँछ । वैवाहिक स्थितीले नै महिलालाई पुरुष निर्भर बनाउँछ किनभने उनीहरूको सम्पत्ति माथिको अधिकार पुरुषबाट वा उसको परिवारबाट प्राप्त हुन्छ । पुरुषहरूलाई भने जन्मदै अधिकार प्राप्त हुन्छ । यस्तै गरी

कम उमेर पुगेपछि विवाह हुने अवस्थाले महिलाको सामाजिक स्थितीलाई दशाउँछ । नेपालमा महिलाहरूको कलि लै उमेरमा गर्भवती हुनाको कारणले शिशु मृत्युदर र मातृ मृत्यृदर पनि बढि रहेको छ । खास गरी सामाजिक र धार्मिक परम्परा अनुसार महिलालाई चाँडो विवाह गरिदिने अथात् महिनावारी हुनु भन्दा अगाडि बिहे गरी जलखान पाए पुण्य प्राप्त गरिन्छ वा ऋण तिरिन्छ भन्ने भनाई पाइन्छ, जसले गर्दा नारीलाई कमजोर बनाइ दिएको छ । नारीको पहिलो प्राथमिकता विवाहलाई र दोस्रो शिक्षा र रोजगारीलाई दिइएको छ । अध्ययन क्षेत्रका महिलाहरुको विवाहलाई निम्न अनुसार प्रसतुत गरिएको छ ।

## चित्र ३ अध्ययन क्षेत्रमा महिलाको विवाह प्रकार





श्रोत : स्थलगत क्षेत्र (२०७७)

माथिको चित्र अनुसार ३५ महिलाहरूमा गरेको अध्ययन मध्ये २१ जना मागी विवाह, १० जना प्रेम विवाह, ४ जनाले प्रेम मार्फत् मागी विवाह भएको यस अध्ययनले बुझाउँछ । धेरै मतवालीहरूको प्रेम विवाह हुने भएपनि यस टोलमा रहेका गुरुङ्ग महिलाहरूको भने मागी विवाह भएको देखिन्छ । यसरी मागी विवाह गर्दा मुख्यतया जिम्मेवारी केटिको बुवा आमाको हुने गर्दछ । प्रेम विवाह गर्दा आफ्नो निर्णय अनुसार गरिन्छ ।

## ४.२.५ धार्मिक अवस्था

धर्म भन्नाले परम्परा देखि मानी आएको संस्कृति, अवस्था, मान्यता, विश्वास तथा मुल्य मान्यताको सम्पूर्ण रुप हो । धर्म परापूर्वदेखी नै कुनै विषय वा संस्कारमा आस्था राखी गरिने कार्यहरूको समायोजन हो । ऐतिहासिक समयमा महिलाहरूको स्थिती पुरुष समान थियो भन्ने कुरा विभिन्न धर्मशास्त्रबाट प्राप्त गर्न सकिन्छ । जस्तो की महाभारतमा भीएमपीतालाई गंगापुत्रका नामले सम्बोधन गरिएको थियो । नेपाल बहुजाती, बहुसँस्कृति भएको मुलुक हो । यहाँ विभिन्न जातजाति, भाषाभाषी, संस्कृति भएका मानिसहरू बसोबास गर्दछन् । त्यसै अनुसार उनीहरूको चालचलन, रीतिरिवाज आदिमा पनि फरक पाउन सकिन्छ । जस्तो की बाह्मण क्षेत्री वा तागाधारी समुहमा भन्दा मतावली समुदायमा महिला वा छोरी बढी स्वतन्त्र भएको पाइयो । गुरुङ्ग परिवारको धार्मिक स्थितीलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

**चित्र ४ धार्मिक अवस्था**




श्रोत : स्थलगत क्षेत्र, २०७७

प्रस्तुत स्तम्भ चित्र अनुसार गुरुङ्ग जातिले सबैभन्दा बढी मात्रामा मान्ने धर्म बौद्ध रहेको देखाएको छ । त्यसै गरी क्रमश हिन्दु र बोन धर्म रहेका छन् । धर्म अनुसार पनि महिलाहरूको हैसियतमा परिवर्तन भएको पाईन्छ । हिन्दु परिवार र गैर हिन्दु परिवारमा

महिलाहरूको शक्ति एंबम् स्वतन्त्रता, पहुँचमा निर्णय लिने प्रक्रियामा महिलाहरूको सहभागितामा फरक रहेको छ । हिन्दु परिवारमा भन्दा बौद्ध महिलाको परिवारमा महिलाहरूको स्वतन्त्र र परिवारको महत्व बढी भएको छ ।

## ४.२.६ परिवारको प्रकार

परिवारको भन्नाले एउटै घरको छानामुनी बस्ने एकै भान्साको खाना खाने, विवाह, रगत, धर्मपुत्र वा धर्मपुत्री सम्बन्ध भित्र आवद्ध सदस्यहरूको समुह हो । परिवारको आकारले पनि महिलाहरूको गतिशिलता, अवस्थालाई प्रभावित गर्दछ । उत्तरदाताको परिवार संख्यामा न्युनतम र देखि अधिकतम ११ जना रहेको छ । औषतमा ५ वटा परिवार सदस्य रहेको छ । सामान्यतया ठुलो परिवार संख्या भन्दा कम परिवार संख्या भएको परिवार उच्च सामाजिक हैसियत भएको मानिन्छ । किनकी सानो परिवारमा सबै कुरा व्यवस्थापन गर्ने सहज हुन्छ । ठुलो परिवारमा आवश्यकता परिपूर्ति गर्न अप्ठारो पर्दछ ।

**तालिका १ : परिवारको प्रकार**

| क्र.सं. | परिवारको प्रकार | परिवारको संख्या |
|---|---|---|
| १ | एकल परिवार | २७ |
| २ | संयुक्त परिवार | ८ |
| ३ | बृहत् परिवार | - |
| | **जम्मा** | **३५ जना** |

श्रोत : स्थलगत अध्ययन, (२०७७)

माथिको तालिका अनुसार २७ जना उत्तरदाताहरू एकल परिवारमा बस्छन्, भने ८ जना उत्तरदाताहरू संयुक्त परिवारमा बस्छन् । एकल परिवारमा बस्दा आफ्नो चाहना, इच्छा, अनुसार निर्णय लिन सकिन्छ भने संयुक्त परिवारमा बस्ने महिलाहरू भने परिवारका ज्येष्ठ सदस्यको नियन्त्रण रहनुपर्ने हुन्छ ।

निष्कर्षमा अहिले मानिसहरूको झुकाव हेर्दा विवाह पछि छुटै बस्ने चलन रहेको देखिन्छ । अहिले युवा पुस्ता अरुको अडरमा बस्न चाहदैनन्, अलिबढि स्वतन्त्र हुन चाहन्छन् र सबै काम आफैं आफ्नो नियम अनुसार गर्न चाहन्छन् ।

### ४.२.७ पेशागत अवस्था

जीवन निर्वाहका लागी मुख्य आधार नै पेशा हो । जीवन जीउनका लागी र आफ्नो आवश्यकता परिपूर्ति गर्नका लागी मानिसले विभिन्न किसिमका पेशा व्यवसायमा संलग्न भएका हुन्छन् । जसका कारण उनीहरूलाई जीवन जीउनका लागी सरल र सहज हुने गर्दछ । गुरुङ्ग महिलाहरुको पेशागत अवस्थालाई निम्न अनुसार प्रस्तुत गरिएको छ ।

**तालिका २ : पेशागत अवस्था**

| क्र.स | विवरण | सङ्ख्या |
|---|---|---|
| १ | किराना पसल | ३ |
| २ | कपडा पसल | २ |
| ३ | कोल्ड स्टोर | १ |
| ४ | नोकरी | ३ |
| ५ | कृषी | २ |
| ६ | गृहणी | २४ |
| | जम्मा | ३५ |

श्रोत : स्थलगत अध्ययन, (२०७७)

प्रस्तुत तालिका अनुसार अध्ययन क्षेत्रमा किराना पसल गर्ने ३ जना, कपडा पसल गर्ने र २ जना, कोल्ड स्टोर १ जना र कृषी गर्ने २ गरी ८ जनाले व्यापार गरेको देखिन्छ, त्यस्तै नोकरी गर्नेमा ३ जना र गृहणीको रुपमा कार्य गर्नेको सङ्ख्या २४ जना महिलाहरू हुनुहुन्छ

व्यापार व्यवसायल गर्दा धेरै पढाइको आवश्यकता नपर्ने थोरै पुँजीबाट यसलाई संञ्चालन गर्न सकिने हुदा व्यापार व्यवसायमा आवद्ध भएका छन् । महिलाहरूले शिक्षा लिएकाले गर्दा अन्य पेशामा संलग्न हुनु भन्दा नोकरी गरे पछि आफुलाई सन्तुष्टि मिल्ने कारणले नोकरीमा आवद्ध भएको छन् । गृहणीको रुपमा रहेका महिलाहरू बालबच्चा हेनुपर्ने, घरको रेखदेख गनुपर्ने, बालबच्चा सानै भएका कारणले नोकरी छोड्नु परेको छ । घरमा हेर्ने कोही नभएको कारणले नै आफुले नोकरी गर्न नपाएका छन् । विवाह भन्दा अगाडि पेशामा आवद्ध हुनेले पनि विवाह पछि नोकरी छोडेका छन् । किनकी घरमा अभिभावकले नै तलव कम हुने यो भन्दा त घर कै व्यवस्थापन गर्दा राम्रो हुन्छ भनेका छन् ।

# अध्याय पाँच

# तथ्याङ्कको प्रस्तुतीकरण तथा विश्लेषण

## ५.१ गुरुङ्ग परिवारमा सम्पत्ति माथी महिलाहरूको पहुँच

गुरुङ्ग परिवारमा अधिकांश महिलाहरू घरायसी काममा बढी संलग्न भएको पाइयो । जस्तो की बच्चाको हेरचाह, करेसाबारी आदी । धेरैजसो महिलाहरू आर्थिक रुपका कार्यहरूमा संलग्न हुन नसक्दा उनीहरू पुरुष प्रति निर्भर रहेका छन् । धेरै परिवारमा पुरुष सदस्यहरू वैदेशिक रोजगारीमा भएको कारण सम्पत्तिलाई व्यवस्थापन गर्ने खर्च गर्नमा महिलाहरूको संलग्नता बढेको पाइयो ।

पहिला महिलाहरू घरको काममा मात्र सिमीत रहेकोमा अहिले उनीहरूले घर बाहिरको काममा पनि संग्नता बढेको देखियो । बाहिर हिड्न थालेपछि सबै कुरा बुझ्ने, जान्ने देख्ने अवसर पाएका छन् । घरमा पुरुष सदस्य नहुनु उनीहरूमा अवसर वा मौका भएको छ । जसका कारण उनीहरूले विभिन्न कुराहरू जान्ने थाहा पाउने मौका पाएका छन् । गुरुङ्ग महिलाहरुको नाममा सम्पत्ति दर्त्ता हुनका कारणहरु लाई तालिका नं. ३ मा प्रस्तुत गरिएको छ ।

**तालिका ३ : महिलाको नाममा सम्पत्ति दर्ता हुनुको कारणहरू**

| क्र.स. | कारणहरू | जम्मा संख्या |
|---|---|---|
| १ | राजस्व छुट हुनाले | २ |
| २ | श्रीमान विदेश हुनाले | ६ |
| ३ | आफ्नो कमाई | ६ |
| ४ | श्रीमानको कमाई र राजश्व छुट भएकाले | ३ |
| ५ | पैतृक सम्पत्ती | १ |
| | जम्मा | १८ |

स्रोत : स्थलगत अध्ययन,(२०७७)

माथिको तालिकालाई व्याख्या गर्दा अध्ययन क्षेत्रमा रहेका ३५ महिलाहरू मध्ये १८ जना महिलाको नाममा मात्र सम्पत्ति दर्ता भएको छ भने १७ जना महिलाहरूको नाममा भने सम्पत्ति दर्ता भएको छैन । यसरी सम्पत्ति दर्ता हुने महिलाहरूमा सम्पत्ति दर्ता हुने कारणमा सरकारले २५ प्रतिशत राजस्व छुट दिए सँगसँगै २ जना महिलाहरूमा सम्पत्ति दर्ता भएको छ । आफ्नो कमाई भएका ६ जना र श्रीमानको कमाई तथा राजस्व छुट भएका ३ जना महिला रहेका छन् । श्रीमान वैदेशिक रोजगारीमा गएका कारण सम्पत्ति दर्ता हुने महिलाहरूको संख्या ६ जना रहेका छन् । पैत्तिक सम्पत्ति दर्ता हुनेमा १ जना महिला रहेकी छन् । उनको नाममा सम्पत्ति दर्ता हुनुको श्रीमान बिति सकेको भएर उनको नाममा पैत्तृक सम्पत्ति दर्ता भएको हो । माथिका कारणहरूले गर्दा महिलाहरूको नाममा सम्पत्ति दर्ता भएको वा सम्पत्तिमा पहुँच भएको पाईन्छ तर किनबेच गर्नु पर्दा श्रीमान श्रिमती दुवैको सहमति बाट त्यसलाई बेचबिखन गरिन्छ । एकल निर्णय भने गरेको छैनन् ।

अन्त्यमा भन्नुपर्दा महिलाहरूको नाममा होस् पुरुषहरूको नाममा सम्पत्ति दर्ता गर्दा होस् त्यसको किनबेच गर्दा दुवैको सल्लाह, सहमति अनुसार गरिन्छ ।

### ५.१.१ पैतृक सम्पत्ती


छोरा छोरीमा समान अधिकार हुनुपर्ने आवाज उठाएको सँगसँगै छोरीलाई पनि छोरा सरह अंश पाउनुपर्ने कुरा उठ्याएको हो । नेपालको संविधानमा मौलिक हकमा नै त्यसको व्यवस्था गरेको छ । कानुनमा नै पैत्तिक सम्पत्तीमा महिला र पुरुषको अधिकार बराबर भएको छ । अर्थात् छोरा र छोरी दुवै पैतृक सम्पत्तिमा अंशियार भएका छन् । पैतृक सम्पत्तीमा छोराको जस्तै छोरीको हक दाबी लाग्दछ । गुरुङ्ग जातिमा महिलाहरूको स्थान माथी भनिएता पनि वास्तवमा सो भएको पाईदैन । यस जातमा पनि घर, सम्पत्ती तथा वंश पुरुषतिर बाटै चलेको पाईन्छ । कानुनमा पैतृक सम्पत्तिमा बराबर हक हुने व्यवस्था भएपनि व्यवहारमा भने त्यस्तो देखिएको छैन । छोरीहरूले अहिले सम्म पैतृक सम्पत्ती दिएको देखिदैन । यस गुरुङ्ग परिवारमा पैतृक सम्पत्ति महिलामा हस्तान्तरण भएको १ वटा परिवार भएपनी त्यसको भोग चलन गर्न सक्ने स्थिती माथि महिला पुग्न सकेका छैनन् ।

### ५.१.२ पैतृक सम्पत्तिमा समान हक सम्बन्धी धारणाहरू :

उत्तरदाता सँग छोरा सरह छोरीलाई पैतृक सम्पत्ति दिनुपर्छ वा पर्दैन भन्ने प्रश्नमा उहाँहरूको जवाफ निम्नानुसार छन् । अधिकांश मानिसहरूले छोरीलाई पैत्तिक सम्पत्तिमा समान हक दिनुपर्छ किनकी छोराछोरी बराबर हुन् ।

अवसरहरूको उपभोग गर्नुका लागि हो, पुरुष सरह बन्नका लागि हो । छोरीलाई छोरा सरह अंश दिनु भएको ताप्पर्थ समतामूलक समाजको निर्माण गर्नु, दुवैको समान अस्तित्वलाई स्वीकार गर्नु हो भन्ने उत्तर दिएका छन ।़ समान हक दिनु हुँदैन भन्ने उत्तरदाताको जवाफ छोरीलाई सम्पत्ती दिदा दाजु बहिनी बीचको सम्बन्ध बिग्रन्छ, पछि माइती टुट्छ भन्ने जवाफ दिएका छन् । जसलाई चित्र नं. ५ मा प्रस्तुत गरिएको छ ।

**चित्र ५ पैतृक सम्पत्तिमा समान हक**





स्रोत : स्थलगत अध्ययन (२०७७)

माथिको वृत्त चित्रलाई विश्लेषण गर्दा पैतृक सम्पत्तिमा छोरा सरह छोरीलाई समान हक दिनुपर्छ भन्ने ८०% रहेका छन् भने २०% त्यसको विपक्षमा हुनुहुन्छ वा छोरा सरह छोरीलाई पैत्तिक सम्पत्तिमा समान हक दिनु हुँदैन भन्ने पक्षमा रहेका छन् ।

## ५.१.३ दाइजो

विवाह गर्दा बेहुली तर्फबाट बेहुलाको परिवारलाई दिने नगद तथा जिन्सी सरसामानलाई दाइजो भनिन्छ । सामान्यतया दैनिक जीवनमा चाहिने घरेलु सामानहरू जस्तै फर्निचर, लत्ता कपडा, पनि दाईजोमा दिइने चलन छ । सुन, चाँदी जस्ता महगा गरगहनाहरू पनि दाईजोमा दिईन्छ । अहिले त आधुनिक सुविधाका साम्रगीहरू जस्तै : टिभी, मोटरसाईकल, स्कुटर आदि जस्ता सामग्रीहरू पनि दाइजोको रुपमा दिइने गरेको पाईन्छ । त्यसरी ल्याइने दाइजोमा महिलाहरूको हक अधिकार के, कस्तो रहेको छ, चित्र नं ६ मा प्रस्तुत गरिएको छ ।

### चित्र ६ दाइजो




श्रोत : स्थलगत अध्ययन, (२०७७)

चित्र नं. ६ लाई व्याख्या गर्दा अध्ययन क्षेत्रमा १२ जना महिलाहरूले दाइजो प्राप्त गरेका छन् । दाईजोमा सुन, चाँदी, जिन्सी सामग्री दाइजोको रुपमा ल्याएका छन् । २३ जनाले दाइजो प्राप्त गरेका छैनन् ।

गुरुङ्ग समुदायमा परम्परागत रुपमा दाइजो दिने चलन नभए पनि आजभोली अन्य समुदायको प्रभावले गर्दा दाइजो दिने गरेका छन् । गुरुङ्ग समुदायमा दाइजो बाध्यात्मक छैन वा दाईजो दिनैपर्छ भन्ने हुँदैन । आफ्नो इच्छा, चाहना अनुसार दिने चलन रहेको छ । गुरुङ्ग

जातीमा विवाहमा छोरीलाई दिएको सामानहरू के-के दिईएको, कति वटा दिईएको पढेर सुनाउने चलन रहेको छ । यसरी महिलाहरूले दाइजोको रुपमा प्राप्त गरेको नगद, गरगहनाहरूमा महिलाहरूले आफ्नो इच्छा, चाहना र आवश्यकता अनुसार खर्च गर्न सक्छन् ।

### ५.१.४ व्यापार/व्यवसाय

व्यापार भन्नाले धन आर्जन गर्नका लागि गरिने वस्तु तथा सेवाको आदानप्रदान हो । कच्चा पदार्थ, अर्ध प्रशोधित वा पूर्ण प्रशोधित उत्पादित वस्तु सेवा र बौद्धिक सम्पत्तिको एक स्थानबाट अर्को ठाउँमा वा सोही ठाउँमा बिक्रि गर्ने कार्य व्यापार हो । देश भित्रै वस्तु खरिद बिक्रि भएमा आन्तरिक व्यापार र एक देशको उत्पादित वस्तु अर्को देशमा बिक्रि वितरण भएमा यसलाई अन्तराष्ट्रिय व्यापार भनिन्छ ।

नेपालमा व्यापार गर्ने जाति भनेर नेवार जातिलाई चिनिदै आएता पनि अहिले अन्य जातजातिहरू जस्तै : बाह्मण, क्षेत्री, गुरुङ्ग, मगर आदिले पनि रोजगारीको मुख्य श्रोतको रुपमा व्यापार, व्यवसाय गर्दै आएका छन् । नेपालमा बढ्दो बेरोजगारीका कारण अधिकांशले आफुले चाहेको रोजगारी पाउन सकेका छैनन् । त्यसैले आफ्नो मालिक आफै बन्न व्यापार व्यवसाय गर्ने आम विकल्प हो । व्यापार, व्यवसाय गर्नु भनेको काम समय र आम्दानीको मालिक आफै हुनु हो । यस अध्ययन क्षेत्रमा रहनु भएका महिलाहरू मध्ये ६ जनाले पेशा व्यवसाय अपनाएका छन् ।

व्यापार व्यवसाय गर्दा समय र आम्दानी आफ्नै अनुकुल प्रयोग गर्न पाईन्छ । मानिसको आन्तरिक विकास हुन्छ, चुनौतीहरूसँग सामना गर्ने क्षमताको वृद्धि हुन्छ । मालिकको अधिनमा नरही आफू अनुकुल आफ्नो आवश्यकता पुरा गर्न सकिन्छ ।


### ५.१.५ वैदेशिक रोजगारी

वैदेशिक रोजगार आय आर्जनका लागि आफ्नो देश भन्दा बाहिर गएर शारीरिक अथवा मानसिक श्रम गर्न रोजगारी हो । विश्व बजारमा वैदेशिक रोजगारीको लागी विभिन्न देशका जनशक्ति खपत हुने गर्दछन् ।

नेपालले अन्तराष्ट्रिय श्रम बजारमा आवश्यकता अनुरुपका युवा जनशक्तिहरूलाई सिमित समयका लागी अधिकारिक तवरले पठाउदै आएको छ । नेपाली युवाका लागि वैदेशिक रोजगारीको आकर्षण गन्तव्यको रुपमा रहेका मुलुकहरू मलेसिया, दुबई, साउदी अरब, कुबेत बहराइन आदि रहेका छन् । अमेरिका, अष्ट्रेलिया, क्यानडा लगायत अन्य मुलुकहरूमा पनि बहुसंख्यक नेपाली कामदारहरू वैदेशिक रोजगारीमा पुगेका छन् ।

नेपाल एक भूपरिवेष्ठित राष्ट्र हो । नेपाल प्राकृतिक संम्प्रदाले भरिपूर्ण राष्ट्र हो । यसरी प्राकृतिक संम्प्रदाले भरिपूर्ण राष्ट्र हुँदाहुदै पनि राजनितीक अस्थिरता, व्यक्तीगत स्वार्थ, स्रोत साधनको उचित परिचालन हुन नसक्नु, देशमा ठुला ठुला उधोग धन्दाहरू स्थापना हुन नसक्दा देशमा बेरोजगारीको दिनप्रति दिन बद्दै गएको छ । जसका कारण प्रत्येक वर्ष लाखौं युवाहरू विदेशीन बाध्य भएका छन् । नेपालको अर्थतन्त्रको मुख्य श्रोत विषेपण आय रहेको छ । नेपालको रोजगारीको ठूलो क्षेत्र कृषी भएतापनि कृषीमा व्यवसायीकरण हुन नसक्नु, राज्यले कृषी क्षेत्रमा युवाहरूलाई आकषण गर्न नसक्नु, आदी कारणले गर्दा युवाहरू विदेशीएका छन् । जसको प्रभाव गुरुङ्ग समाजमा पनि देख्न सकिन्छ । यहाँ रहेका १५ जना गुरुङ्ग परिवारको मुख्य आम्दानी वैदेशिक रोजगारी हो । अध्ययन क्षेत्रमा रहेका गुरुङ् परिवारका वैदेशिक रोजगारीमा गएका परिवारलाई निम्न रुपमा वृत्त चित्रमा प्रस्तुत गरिएको छ ।

**चित्र ७ वैदेशिक र स्वदेशमा रोजगारी**




श्रोत : स्थलगत अध्ययन, (२०७७)

चित्र नं. ७ लाई व्याख्या गर्दा अध्ययन क्षेत्रमा रहेका गुरुङ् परिवारमा वैदेशिक रोजगारीमा रहेका ४२.८४% र स्वदेशमा नै विभिन्न पेशा व्यवसाय गर्नेमा ५७.१८% रहेका छन् । श्रीमान विदेश गएका महिलाहरूले कसैले व्यापार गर्नु भएको छ भने कसैले बालबच्चालाई हेर्ने, घरको काम गर्ने गरेका छन् । श्रीमानले विदेशबाट कमाएर पठाएको पैसा लगानी गर्ने गरेको बताएका छन् । भारतीय सेनामा आवद्ध रहेका सैनिकको एटिएम (ATM) श्रीमतीसँग रहने र उनीहरूले नौ महिनाको तलब निकाल्ने गर्दछन् । यसरी श्रीमान वैदेशिक रोजगारीमा गएका परिवारमा महिलाहरूको निर्णय गर्ने क्षमता माथि रहेको छ ।


## ५.१.६ स्वआर्जन

आफूमा भएको ज्ञान, सीप वा आफ्नो प्रयासबाट आर्जन गरेको सम्पत्तिलाई स्वआर्जन सम्पत्ती भनिन्छ । यसरी आफ्नो सीप वा प्रयासले कुनैपनि व्यक्तिले कमाएको सम्पत्तिलाई स्वआर्जन सम्पत्ति भनिन्छ । त्यस्तो सम्पत्तिमा त्यो व्यक्तिको पूर्ण अधिकार रहेको हुन्छ ।

- स्वआर्जन गरेको सम्पत्तीमा श्रीमान वा छोरा छोरी कसैले पनि  हक दावी गर्न पाउदैनन् । त्यस्तो सम्पत्ती महिलाले आफू खुसी भोगचलन गर्न र हक हस्तान्तरण गर्न सक्दछन् ।
- स्वआर्जन सम्पत्तिमा विवाह पछि वा सम्बन्धविच्छेद पछि पनि आफ्नै स्वामित्व हुन्छ ।

अध्ययन क्षेत्रमा रहेका ३५ जना महिलाहरू मध्ये ९ जना महिलाहरूले आफुले रोजगार गरेका छन् । जस मध्ये ६ जनाले व्यापार गरेका छन् भने ३ जनाले नोकरीमा आवद्ध रहेको छ । यस कुरालाई वृत्त चित्र द्धारा प्रस्तुत गरिएको छ ।

**चित्र ८ स्वआर्जन**




श्रोत : स्थलगत अध्ययन, (२०७७)

यस अध्ययन क्षेत्रमा जम्मा २५.७१% महिलाले रोजगारी गरेको पाइयो जस मध्ये १७.१४% व्यापार व्यवसायमा आवद्ध रहेको पाइयो भने ८.५% ले नोकरी गरेका छन् ।

## ५.१.७ महिलाहरूको सहभागिता सीप तथा तालिम

महिलाहरू पछाडि परि रहेको सन्दर्भमा महिलालाई कसरी सशक्तिकरण गराउन सकिन्छ भनेर आवाज उठि रहेको र महिलालाई अगाडि बढाउन वा सक्षम बनाउनका लागि महिला लक्षित कार्यक्रमहरू सहर देखी गाउँ सम्म चलिरहेका छन् । महिलालाई सक्रिय गराउनका लागि विभिन्न संघ संस्थाहरू, बचत समुह, सहकारी, आमा समुह खुलेको पाईन्छ । जहाँ महिला घरको चार दिवार भित्र मात्र सीमित थिए । उनीहरू घरबाट बाहिर निस्केर बचत गर्ने बानीको विकास भएको छ । त्यस्ता बचत समुह, आमा समुह, सहकारीमा वर्तमान समयमा धेरै महिलाहरूको सहभागिता रहेको छ । यस अध्ययन क्षेत्रमा बसोबास गर्ने महिलाहरू शितल नगर आमा समुहमा आवद्ध रहेका छन् । जुन संस्थाले महिलाहरूको सीप विकासका लागी विभिन्न कार्यक्रमहरू सञ्चालन गरी रहेको छ । जस्तै कम्प्युटर सम्बन्धी तालिम, सिलाई बुनाई तालिम, चुरा पोते सम्बन्धी तालिम आदि तालिममा महिलाहरूको सहभागिता रहेको छ । यस आमा समुहमा सबै महिलाहरूले मासिक रुपमा बचत गर्दछन् ।

मासिक रुपमा बचत गर्ने पैसा जसलाई आवश्यक पर्दछ उसलाई कम व्याजमा उपलब्ध गराउँछ । जस कारण आर्थिक रुपमा सहज हुने महिलाहरूको भनाई छ । मर्दापर्दा विभिन्न कार्यक्रम गर्दा आमा समुहका व्यक्तिहरू मिलेर काम गरेका छन् । यस आमा समुह मार्फत् महिलाहरू समय समयमा भ्रमण जाने, भोज खान जाने जस्ता कार्यक्रमहरू सञ्चालन गर्दछन् । यस शितल नगर आमा समुहमा ३५ जना महिलाहरू नै यस संस्थामा संलग्न छन् । यस आमा समुह मार्फत् सबै महिलाहरू विभिन्न कार्यहरू गर्दा संगठित भएको पाईन्छ ।

### ५.१.८ अचल सम्पत्तिको किनबेच

यस शिर्षक अन्तगर्त महिलाहरूको सम्पत्ति किनबेच सम्बन्धी भूमिकाको बारेमा अध्ययन गरिएको छ । यस अध्ययन क्षेत्रमा बसोबास गरेका गुरुङ्ग महिलाहरूको नाममा जग्गा हुने ५१.४२% रहेका छन् । घरमुली (ससुराको नाममा) ११.४२% जग्गा रहेको छ । श्रीमानको नाममा जग्गा हुने ३७.१४% रहेका छन् । अध्ययन क्षेत्रमा गुरुङ्ग परिवारमा घर जग्गा जस्ता अचल सम्पत्तिको किनबेचमा पुरुष र महिला दुवै मिलेर निर्णय गर्दछन् । सरकारले नै महिलाको नाममा जग्गा दर्ता गराउँदा कर छुट दिएपछि महिलाको नामा जग्गा दर्ता बढी मात्रामा भएको पाईन्छ । वैदेशिक रोजगारीमा गएका परिवारमा श्रिमान विदेशमा भएका कारण र राजस्व छुट हुने कारणले जग्गा उनीहरूको नाममा दर्ता भएको पाईन्छ ।

श्रिमान विदेश भएता पनि बेचबिखनमा श्रिमानको स्विकृति चाहिने गर्दछ । महिलाहरूले बताएका छ । व्यापार व्यवसायमा आवद्ध रहेका महिलाहरू भने अरु चल सम्पत्तिको निर्णय आफ्नो क्षमता अनुसार गरे पनि जग्गा, जमिन किन्दा बेच्दा भने दुवैको सहमति अनुसार निर्णय गर्दछन् ।


## ५.२ गुरुङ्ग महिलाहरूको निर्णय लिने क्षमता

निर्णय भन्नाले कुनैपनि समस्या वा विषयवस्तुसँग सम्बन्धित क्षेत्रमा केही कुराहरू गर्नु वा नगनु पर्ने अवस्था आई परेमा सो सम्बन्धमा निधो गर्ने सिलसिलामा विधमान विकल्पहरू मध्ये बाट कुनै एक विकल्पको छनोट गर्ने कार्यलाई निर्णय भनिन्छ । नेपालमा घरमुलीमा पुरुषको संस्था बढी मात्रामा रहेको छ । किनभने नेपाल एक पितृसत्तात्मक राष्ट्र हो । महिलाहरू आर्थिक क्षेत्रमा संलग्नता कम भएकाले उनीहरूको निर्णय क्षमता पनि कमी

भएको छ । गुरुङ् महिलाहरूको निर्णय लिने क्षमतालाई सम्पत्तिमा रहेको अधिकारको पनि प्रभाव पारेको हुन्छ । जुन महिलाहरूको सम्पत्तिमा पहुँच हुन्छ उनीहरूको निर्णय क्षमता पनि बलियो हुने गर्दछ । महिलाहरूको निर्णय क्षमतामा वृद्धि गराउनका लागी उनीहरूको सम्पत्तिमा पहुँच हुन जरुरी हुन्छ । महिलाहरूको सम्पत्तिमा पहुँच बढाउनका लागी उनीहरू आर्थिक रुपमा बलियो हुनु पर्दछ जसका लागी सम्पत्तिमा पहुँच हुनु पर्दछ । पैत्तृक सम्पत्तिमा छोरा र छोरीलाइ समान हक हुनु पर्दछ र व्यवहारमा पनि कार्यन्वयन हुनुपर्दछ । छोरीलाई सम्पत्ति दिँदा उनीहरूमा आत्मविश्वास वृद्धि भई अगाडि बढ्ने आधार हुन्छ । उनीहरू आफ्नो लागी सही निर्णय लिन सक्षम हुन्छन् ।

अध्ययन क्षेत्र बसोबास गर्ने शिक्षित गुरुङ्ग महिलाहरू साथै रोजगारीमा आवद्ध रहेका महिलाहरूको निर्णय प्रकृयामा अगाडि रहेको छ । वैदेशिक रोजगारीमा संलग्न रहेको परिवारका महिलाले आफ्नो स्व विवेकले सम्पत्तिमा निर्णय गरेको पाइयो भने घर बाहिरको काम गर्दा श्रिमानसँग मिलेर कार्य गरेका छन् । यस अध्ययन क्षेत्रमा महिलाहरूको निर्णय लिन सक्ने क्षमता निम्नानुसार प्रस्तुत गरिन्छ ।

## चित्र ९ गुरुङ्ग महिलाहरूको निर्णय लिने क्षमता




श्रोत : स्थलगत अध्ययन, (२०७७)


प्रस्तुत चित्र अनुसार आफ्नो आम्दानी हुनेमा २५.७% हुनुहुन्छ । श्रीमान विदेश भएका महिलाहरूको संख्या ४२.८५% उहाँहरूको अन्यको तुलनामा निर्णय क्षमता राम्रो देखिन्छ । भने ११.४% महिलाहरूको घरपरिवारका घर भित्रका कामहरू आफ्नो निर्णय अनुसार गर्नु हुन्छ भने बाँकी २०% महिलाहरू निर्णय क्षमता एकदम कमजोर रहेको छ ।

शिक्षित गुरुङ्ग महिलाहरू साथै रोजगारीमा आवद्ध रहेका महिलाहरूको निर्णय प्रकृयामा अगाडि रहेका छन् । वैदेशिक रोजगारीमा संलग्न रहेको परिवारका महिलाले आफ्नो स्व विवेकले सम्पत्तिमा निर्णय गरेको पाइयो भने घर बाहिरको काम गर्दा श्रिमानसँग मिलेर कार्य गरेका छन् ।

## ५.२.१ सम्पत्तिको पहुँचले गर्दा निर्णय क्षमतामा आएको परिवर्तन

सम्पत्तिको पहुँचले गर्दा निर्णय क्षमतामा आएको परिवर्तन सम्बन्धी धारणाहरू आएका छन् । उत्तरदातासँग सम्पत्तिको पहुँचले गर्दा निर्णय क्षमतामा कस्तो परिवर्तन आएको छ भनी सोधिएको प्रश्नमा धेरै उत्तरदाताले सकारात्मक परिवर्तन आएको अर्थात् पक्षमा जवाफ दिएका छन् भने कतिपयले यसको विपक्षमा उत्तर दिएका छन् ।

### चित्र १० सम्पत्तिको पहुँचले गर्दा निर्णय क्षमतामा आएको परिवर्तन




श्रोत : स्थलगत अध्ययन, (२०७७)

प्रस्तुत चित्र १० लाई व्याख्या गर्दा ६८.५७% महिलाले सम्पत्तिको पहुँचले गर्दा जीवन जीउन सरल भएको, स्वतन्त्र रुपमा जीवन जीउन, अरूलाई आवश्यक परेको बेला सहयोग गर्ने, आफ्नो आत्मबल वृद्धि भएको, कुनैपनि कुरामा निर्धक्क साथ निर्णय गर्न सक्ने बताउनुहुन्छ भने ३१.४२% महिलाहरूले सम्पत्ति भएर पनि आफ्नो जीवनमा खासै परिवर्तन नभएको धारणा व्यक्त गरेका छन् ।

## ५.२.२ सम्पत्तिको प्रयोगमा महिलाको निर्णय क्षमता

सम्पत्तिमा समान अधिकार भएमा मात्र महिला पनि पुरुष सरह समाजमा समान हैसियत पाउन सक्दछन् । सरकारले महिला पुरुषलाई सम्पत्तिमा समान हक स्थापना गर्नका लागी जग्गाको राजस्वमा २५% छुटको व्यवस्था गरेको छ । पहिलेको तुलनामा जग्गा महिलाको नाममा गर्नेको संख्या बढेपनि यसको निर्णय महिलाको अधिकार स्थापित भइसकेको छैन । यस अध्ययन क्षेत्रमा बसोबास गर्ने धेरै गुरुङ्ग महिलाहरूको अहिले घर बाहिरको कारोबारमा पनि संलग्नता जनाएका छन् । जुन महिलाहरू आफ्नो पेशा व्यवसायमा संलग्नता हुनुहुन्छ । उहाँहरूले पैसामा संलग्नता भएका कारण आफ्नो आवश्यकताहरू सहज रुपमा आफैले पुरा गर्न सक्ने बताउनुहुन्छ । आफु कुनै पेशामा आवद्ध नहुदा आफ्ना आवश्यकता पुरा गर्नका लागी घर परिवारका अन्य सदस्यहरूको सहयोग चाहिन्थ्यो भने पैसा कमाएपछि आफ्नो आवश्यकता अनुसार यसलाई प्रयोग गर्न सकिने उहाँहरूले बताउनुभयो ।

अध्ययन क्षेत्रमा बसोबास गर्ने गुरुङ्ग महिलाहरूको नाममा रहेको सम्पत्ति ।

**तालिका ४: गुरुङ्ग महिलाहरूको नाममा रहेको सम्पत्ति प्रकार**

| सम्पत्ति | संख्या |
|---|---|
| चल सम्पत्ति | २८ जना |
| अचल सम्पत्ति | १८ जना |
| दुवै सम्पत्ति नहुने | ७ जना |

श्रोत : स्थलगत अध्ययन, (२०७७)

माथिको तालिकालाई व्याख्या गर्दा अध्ययन क्षेत्रमा रहेका जम्मा ३५ जना महिलाहरू मध्ये चल सम्पत्ति हुनेमा २८ जना रहेका छन् भने चल, नचल दुवै सम्पत्ति हुनेमा १८ जना

महिलाहरू रहेका छन् । चल, अचल दुवै सम्पत्ति नहुनेमा ७ जना महिला रहेका छन् । महिलाहरूले आफ्नो इच्छा, चाहना, आवश्यकता अनुसार चल सम्पत्तिको प्रयोग गरेका छन् । यसरी उनीमा चल सम्पत्ति हुने कारण स्वआर्जन गरेको सम्पत्ति माइतबाट ल्याएको दाइजो, पेवालाई श्रीमानले नै बैंक खातामा राखी दिने गरेका छन् । महिलाहरूले विभिन्न बैंकमा सेयर लगानी गरेका छन् । उनीहरूले चल सम्पत्तिको प्रयोग गरेका छन् । अचल सम्पत्ति किनबेच गर्नु पर्दा भने श्रिमान, श्रिमती दुवैको सल्लाह बमोजिम गर्ने गर्दछन् । एकल निर्णय भने गरेको छैनन् ।

महिलाहरूले चल सम्पत्ति प्रयोग गर्दा आफुले चाहेको बमोजिम त्यसको उपयोग गरेको छन् भने अचल सम्पत्ति दुवै श्रिमान श्रिमतीको सहमति अनुसार बेचबिखन गरिन्छ । चाहे त्यो सम्पत्ति महिलाको नाममा दर्ता भएको होस् वा पुरुषको नाममा दर्ता भएको होस् एक अर्का बिच सहमति अनुसार अगाडी बढेका छन् ।

# अध्याय छ
# सारांश र निष्कर्ष

## ६.१ अध्ययनको सारांश

प्रस्तुत अध्ययन पोखरा महानगरपलिका चाउथेमा रहेको शितल नगर टोलमा बसोबास गर्ने गुरुङ् परिवारमा केन्द्रित रहेको छ । यस अध्ययनले गुरुङ् समुदायमा महिलाहरूको सम्पत्ति माथि पहुँच र निर्णय भूमिकालाई विभिन्न तथ्याङ्क, तालिकाकरण, वृत्तचित्र मार्फत् प्रस्तुत एंबम् व्याख्या विश्लेषण गर्ने प्रयास गरिएको छ । यस अध्ययन क्षेत्रमा बसोबास गर्ने ३५ घरधुरी रहेको छ । जस मध्ये सम्पूर्ण ३५ जनालाइ नै समेटिएको छ । सबै घरपरिवारको महिलासँग प्रश्नावली भर्न लगाइएको छ । यसरी संकलन गरिएको तथ्याङ्क विभिन्न तालिका बनाई त्यसको आधारमा तथ्याङ्क विश्लेषण गरी व्याख्या गर्ने प्रयास गरिएको छ । महिलाहरूको सम्पत्ति माथी अधिकारको अवस्था, सम्पत्तिको पहुँचले गर्दा निर्णय लिने प्रक्रियामा आएको प्रभावको विश्लेषण गर्नु यस अध्ययनको मुख्य उदेश्य हो । यसका साथै यस क्षेत्रमा बसोबास गर्ने गुरुङ् समुदायको धर्म, शिक्षा आदि जस्ता विषयवस्तु समेतलाई उजागर गर्न प्रयत्न गरिएको छ । गुरुङ् समुदायमा सम्पत्ति माथि महिलाहरूको स्वामित्व एंवम् निर्णय भूमिका सम्बन्धि तयार गरिएको यस शोधपत्रमा प्राप्त तथ्याङ्कलाई विश्लेषण गरी पत्ता लगाइएको कुराहरू निम्नलिखित रहेका छन् ।

- महिलाहरूले दाइजो वा पेवाको रुपमा गरगहना, पैसा, भाँडाकुडा आदि प्राप्त गरेका छन् । यसरी प्राप्त गरेको पेवा सम्पत्ति माथी महिलाहरूको स्वामित्व रहेको छ तर त्यसलाई उनीहरूले धेरै जसो आफ्नो छोरा छोरी र परिवारको आवश्यकता पुरा गर्न खर्च गरेका छन् ।
- सम्पत्तिका कारणले गर्दा निर्णय लिने प्रक्रियामा सकारात्मक प्रभाव परेको देखिन्छ । उनीहरू आफ्नो कुराहरू निर्धक साथ राख्न सक्दछन्, अरुलाई आवश्यकता पर्दा आर्थिक रुपमा सक्षम भएमा मात्र अरुलाई पनि सहयोग गर्न सकिन्छ भन्ने उत्तरदाताको भनाई रहेको छ ।
- सम्पत्तिको पहुँचले गर्दा स्वतन्त्रसँग जीवन निर्वाह गर्न, आफ्ना आवश्यकता सजिलै पूर्ति गर्न सहज हुने, कुनैपनि काम गर्न अगाडी बढ्न आत्मबल मिलेको बताउँछन् ।

- अचल सम्पत्तिमा महिलाहरूको स्वामित्व रहेको संख्या १८ जना पाइयो । १३ जनाको श्रीमानको नाममा रहेको पाइयो भने ४ जनाको ससुराको नाममा सम्पत्ति रहेको पाइयो । यसरी महिलाहरूमा सम्पत्ति दर्ता हुनाको कारण सरकारले राजस्वमा छुट दिइएको कारण र श्रिमान वैदेशिक रोजगारीमा भएकाले गर्दा महिलाहरूको नाममा सम्पत्ति दर्ता भएको देखिन्छ ।
- अध्ययन क्षेत्रमा ९ जना महिला व्यापार व्यवसायमा आवद्ध रहेको पाइयो भने बाकी २६ जना गृहणीको रुपमा आवद्ध रहेको पाइयो महिलाहरू विशेष गरी केटाकेटीको स्याहार र घरायसी धन्दामा संलग्न रहेको पाइयो भने पुरुषहरू सैनिक सेवा, वैदेशिक रोजगारी, नोकरी जस्ता पेशामा संलग्न रहेको पाइयो ।
- धेरैजसो परिवारमा श्रिमानले आफ्नो आम्दानी आफैसँग राख्ने र घर खर्चको रकम छुट्याएर श्रीमतीलाई दिने गरेको पाइयो भने विदेशमा श्रिमान हुनेहरूको पुरै पैसा श्रिमतीको जिम्मामा दिइएको पाइयो ।
- अहिले महिलाहरू घर भित्र मात्र सीमित नभएर घर बाहिरको काममा पनि संलग्न भएका छन् । उनीहरूले आफैले कमाएको सम्पत्ति आफ्नो इच्छा अनुसार खर्च गर्न सक्दछन् ।
- महिलाहरू आमा समुह जस्ता संस्थाहरू संलग्न रहेका र त्यहाँ बाट विभिन्न कायक्रम, गीत संगीत, भोज, नयाँ ठाउँ घुम्न र महिलालाई विभिन्न सीप मुलक तालिम प्रदान गरेको पाईन्छ ।
- शिक्षित महिला तथा आर्यआर्जनमा आवद्ध रहेका महिलाहरूको निर्णय प्रक्रिया अन्य महिलाहरूको तुलनामा अगाडी रहेको पाइयो ।
- सम्पत्ति माथी अधिकारको महिलालाई आर्थिक रुपमा सबल बनाउने मात्र होइन, कुनैपनि विषयमा आफना निम्ती सही निर्णय लिन सक्ने आत्मबल पनि प्रदान गर्दछ,
- पैत्तिक सम्पत्तिमा महिला पुरुषको समान हक हुने व्यवस्था कानुनमा गरिएता पनि यस अध्ययन क्षेत्रमा १ जना महिलाले मात्र पैत्तिक सम्पत्ती पाउनु भएको छ भने बाकी ३४ जना महिला पैतृक सम्पत्तिमा पहुँच पुगेको देखिदैन ।

- अचल सम्पत्तिमा महिलाहरूको स्वामित्व रहेको संख्या १८ जना रहेका छन् । १३ जनाको श्रिमानको नाममा रहेका छन् भने ४ जनाको ससुराको नाममा सम्पत्ति रहेका छन् । यसरी महिलाहरूमा सम्पत्ति दर्ता हुनाको कारण सरकारले राजस्वमा छुट दिइएको कारण र श्रिमान वैदेशिक रोजगारीमा भएकाले गर्दा महिलाहरूको नाममा सम्पत्ति दर्ता भएको छ ।
- महिलाको नाममा जग्गा भएपनि अथवा पुरुषको (श्रिमानको नाममा सम्पत्ति भएपनि दुवैको सल्लाह बमोजिम नै किनबेच गर्दछन् । एकल निर्णय गरेको भने देखिदैन ।)
- महिलाहरूको बैङ्कमा व्यालेस वा चल सम्पत्ति हुनेको संख्या ८०% रहेको छ भने कुनैपनि सम्पत्ति नहुने २०% रहेको पाईयो । यसरी बैङ्कमा पैसा हुनेले भने आफुलाई आवश्यक परेको अनुसार यसको प्रयोग गर्न सकिने बताउनुहुन्छ ।
- अधिकांश परिवारको घर खर्च श्रिमान कै कमाइबाट चल्ने गरेका छन् । ९ जना महिलाको मात्र पेशा/व्यवसाय गरेका छन् । तिनै ९ जना घरायसी खर्चमा भूमिका रहेको छ ।
- वैदेशिक रोजगारीमा गएका परिवाको चल सम्पत्तिको चलखेल महिलाले स्वविवेकले गरेका छन्, तर अचल सम्पत्ति जग्गा जमिन किनबेच गर्दा दुवैको सहमति अनुसार गरिन्छ ।

## ६.२ अध्ययनको निष्कर्ष

अध्ययन क्षेत्रका गुरुङ् महिलाहरू प्राय घरधन्दा र केही मात्र पेशा व्यवसायमा आवद्ध रहेका छन् । पुरुषहरू वैदेशिक रोजगारी, सेना, सरकारी संस्थामा आवद्ध रहेका छन् । उक्त क्षेत्रमा बसोबास गर्ने गुरुङ् परिवार बसाईसराई गरी आएको हुनाले प्रायको सम्पत्तिको नाममा त्यही घर जग्गा मात्र रहेको पाईन्छ । त्यस ठाउँमा खाली जग्गा भएकाले अरुहरूको जग्गामा प्राय सबैले आफुलाई खाने तरकारी लगाएको पाईन्छ । अधिकांश परिवारको घरायसी खर्च श्रिमानको कमाइबाट नै चलेको पाईन्छ ।

महिलाको नाममा चल अचल सम्पत्ति केही भयो भने जीवनमा सुरक्षित अनुभूति मिल्नका साथै कुनैपनि विषयमा आफ्ना निम्ति सही निर्णय लिन सक्ने आत्मबल पनि विकास हुन्छ । त्यसैले सम्पत्तिमा महिलाहरूको पहुँच हुनुपर्दछ । हाम्रो समाज पितृसत्तात्मक राष्ट्र भएकाले

सम्पूर्ण सम्पत्तिमा नै पुरुषको स्वामित्व रहेको छ । महिलाहरूको सम्पत्तिमा पहुँच एकदम कम रहेको छ । पैत्तृक सम्पत्तिमा पनि महिलाहरूको पहुँच पुगेको छैन । पैत्तृक सम्पत्तिमा समान हक भनेर कानुनमा भएपनि व्यवहारमा भने त्यो देखिदैन । सम्पत्तिमा समान हक पाएकमा मात्र महिला पनि अगाडि बढ्ने आधार भेटिने, आफ्नो खुट्टामा उभिनका लागि सहज हुने , उनीहरूमा आत्मविश्वास बढ्दछ । उक्त क्षेत्रमा बसोबास गर्ने महिलाहरूमा बैङ्कमा अलिकति पैसा रहेको छ । जसलाई उनीहरूले आफुले चाहेको बमोजिम उपभोग गर्न सक्दछन् । जग्गामा महिलाहरूको पहुँच देखिनका कारणहरू राजस्व छुट, श्रिमान वैदेशिक रोजगारीमा गएका कारणले गर्दा धेरै महिलाहरूको नाममा सम्पत्तिको पहुँच देखिन्छ । जग्गा किनबेच गर्दा भने दुवैको सहमति अनुसार नै बेचबिखन गरिन्छ । धेरै महिलाको नाममा जग्गा रहेता पनि घर भने निकै कमको नाममा देखिन्छ ।

उत्पादनका साधनमा पुरुषको स्वामित्व रहेको हुँदा महिलाहरू आयआर्जन गर्न सफल भएका छैनन् । तर केही महिलाहरू विभिन्न पेशा व्यवसाय अपनाएर आयआर्जन गर्न सफल भएका छन् । गुरुङ् परिवारमा दाइजो, पेवा वा स्वआर्जन सम्पत्तिमा महिलाहरूको स्वामित्व वा अधिकार भएको पाइयो । महिलाहरू आर्थिक रुपमा पछाडि पर्नुका कारण उनीहरूको धेरै समय घरायसी काम नै खर्च हुने घर धन्दा गनुपर्ने कारण उनीहरूको धेरै समय घरायसी काम नै खर्च हुने घरधन्दा गनुपर्ने बालबच्चालाई हेनुपर्ने भएकाले महिला पछाडि परेका छन् ।

# सन्दर्भ सामग्री

कार्की, सुशिला (२०६८), *लैंगिक समानता,* काठमाण्डौं : पैरवी प्रकाशन ।

गुरुङ, कुमान (२०७२), *गुरुङ परिवारमा सम्पत्ति माथि पहुँच र निर्णय भूमिका व्यास नगरपालिकामा आधारित एक अध्ययन,* अप्रकाशित शोधपत्र समाजशास्त्र/मानवशास्त्र विभाग, पृथ्वीनारायण क्याम्पस, त्रिभुवन विश्वविद्यालय, पोखरा ।

चौलागाई, तिलक, प्रसाद (२०७०), *लैङ्गिक अध्ययन,* काठमाडौं : न्यू हिरा बुक्स इन्टरप्राइजेज, किर्तिपूर ।

चापागाई, बमकला (२००९), *स्याङ्जा जिल्ला श्री कृष्ण गण्डकीका सार्की जातिको सामाजिक, आर्थिक र व्यवसायिक परिवर्तन,* अप्रकाशित शोधपत्र समाजशास्त्र/मानवशास्त्र विभाग, पृथ्वीनारायण क्याम्पस, त्रिभुवन विश्वविद्यालय, पोखरा ।

तुलाचन, सृजना (२०१२), *जेण्डर रोल इन हाउसहोल्ड लेबल, अफ रिसर्च ट्र्याडिसन इन सोसल साइन्स रिसर्च,* समाजशास्त्र तथा मानवशास्त्र विभाग पृथ्वीनारायण क्याम्पस, त्रिभुवन विश्वविद्यालय, पोखरा ।

नेपालको संविधान (२०७२), *कानुनी किताब व्यवस्था समिति,* काठमाडौं, नेपाल ।

पौडेल, शान्ति (२०७०), *दराई परिवारमा सम्पत्ति माथि महिलाहरूको स्वामित्व एवम् निर्णय भूमिका,* अप्रकाशित शोधपत्र पृथ्वीनारायण क्याम्पस, त्रिभुवन विश्वविद्यालय, पोखरा ।

बुढाथोकी, भक्तबहादुर (२००८), *वमन पाटिसिपेसन इन हाउसडोल्ड डिसिजन मेकिङ धादिङ जिल्ला फूलखर्क गाविसको एक अध्ययन,* अप्रकाशित शोधपत्र, पृथ्वीनारायण क्याम्पस, त्रिभुवन विश्वविद्यालय, पोखरा ।

बराल, निर्मला (२०१०), *वुमन इन हाउस होल्ड डिसिजन मेकिङ् स्टडी* अफ पुरनचौर भि.डि.सी कास्की, अप्रकाशित शोधपत्र पृथ्वीनारायण क्याम्पस, त्रिभुवन विश्वविद्यालय, पोखरा ।

भासिन, कमला (२००४), *पितृसत्ता के हो ?* काठमाडौ : एम.के. पब्लिकेशन ।

रीटजर, जर्ज (१९९६), *मोडन सोसोलोजिक थिओरी,* न्यु दिल्ली : एम.सि.ग्रअ. हिल कम्पनी ।

श्रेष्ठ, अनुराधा (२०७१), *घरायसी निर्णय प्रक्रियामा गन्धर्व महिलाहरूको भूमिका,* अप्रकाशित शोधपत्र समाजशास्त्र तथा मानवशास्त्र, पृथ्वीनारायण क्याम्पस, त्रिभुवन विश्वविद्यालय, पोखरा ।

Acharya, M. (1997). *Gender Equality and Employment of women* (CEDA)

Agawal, B. (1994). *Gender and command over property: A critical Gap in Economic Analaysis and policy in south Asia.*

Angles, (1984). *Origin of the Family Private Property and the State*, Maxco;

Gurung, O. P. (1978). *The Gurung (Their history and culture),* Unpublished master's dissertation, Central Dept, of History, Tribhuvan University.

# अनुसूची १

## १. सामान्य जानकारी

अन्तरवार्ता लिनेको नाम ............................... अन्तरवार्ता मिति : ...................

घरमुलीको नाम............................... उत्तरदाताको नाम : ...................

जिल्ला ....................गा.वि.स. / महा.न.पा..................वडा नं:........गाउँ/टोल..................

उमेर .......... लिङ्ग................ वैवाहिक अवस्था ..................... धर्म ....................

## २. जनसांख्यिक विवरण

| क.सं. | घरमुलीसँगको नाता | लिङ्ग | उमेर | वैवाहिक अवस्था | | शैक्षिक योग्यता | पेशा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | अवस्था | प्रकार | | | |
| १. | घरमुली | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

*नोट : घरधुरी भन्नाले एकाघरमा एउटै चुलोमा खाना खानेहरूलाई भनिन्छ ।*

३. तपाईको परिवारको आम्दानीको मुख्य स्रोत कुन हो ?

क)व्यापार ख)नोकरी

ग) पेन्सन घ) वैदेशिक रोजगारी

४. घरमा व्यापार, नोकरी आदि माध्यमबाट प्राप्त भएको रकम कसले राख्दछ ?

क) आफु स्वयमले ख)श्रीमानले

ग)घरका जेष्ठ सदस्यले

५. तपाईको आफनो नाममा चल, अचल सम्पत्ति छ कि छैन ?

क) छ ख) छैन

६.यदि छ भने कसरी प्राप्त भयो ?

..............................................................................................................

..................................................................................................................

..................................................................................................................

७. यदि भने कसरी दर्ता भयो तपाईको नाममा

क) राजश्व छुट हुने भएकाले ख) आफनै कमाई भएकाले

ग) श्रीमान् बाहिर भएकाले घ) आफनो पैत्तिक सम्पत्ति भएकाले

८. छैन भने कसको नाममा छ ?

क) श्रीमान् ख) सासु/ससुरा

ग)अन्य

९.तपाइको आफनो निजी सम्पत्ति (दाईजो वा पेवा) केही छ ?

क)छ ख छैन

१०. त्यो सम्पत्ती के मा खर्च गनुहुन्छ वा गनुभयो ?

..................................................................................................................

..................................................................................................................

..................................................................................................................

११.  तपाईले आफ्नो कमाई स्व निर्णयमा खर्चे गर्न सक्नुहुन्छ कि हुँदैन ?

..............................................................................................................

..............................................................................................................

..............................................................................................................

१२. तपाईले आफ्नो कमाई स्व निर्णयमा खर्च गर्ने नसक्नुको कारण के-के हुन् ?

..............................................................................................................

..............................................................................................................

..............................................................................................................

१३. तपाईको नाममा रहेको सम्पत्ति आफ्नो निर्णय अनुसार खर्च गर्ने सक्नुहुन्छ ?

क) सक्छु　　　　　ख) सक्दिन

१४. आर्थिक लेनदेन जस्ता कार्यहरुमा घरायसी सरसल्लाह हुन्छ कि हुदैन ?

क) हुन्छ　　　　　ख) हुदैन

१५. तपाईको विवाह कस्तो प्रकारको हो ?

क) मागी　　　　　ख) प्रेम

ग) कानुनी　　　　　घ) प्रेम मार्फत मागी

१६. विवाह भन्दा अगाडि तपाई कुनै कार्यमा संलग्न हुनुहुन्थ्यो ?

क) थिए　　　　　ख) थिईन

१७. कुनै कार्यमा संलग्न हुनु भएको भए विवाह पछि पनि उक्त कार्यलाई निरन्तरता दिनु भएको छ ?

कि छैन ?

क) दिएको छु　　　　　ख) दिएको छैन

१८. यदि विवाह पश्चात कार्य छाड्नु भएको हो भने छाड्नु  पर्नाका कारणहरु के के हुन ?

क) श्रीमानले　　　　　ख) परिवारले

ग) बालबच्चाको कारण　　　　　घ) आफुलाई गर्ने मन नलागेर

१९. तपाईको विचारमा कति उमेरमा विवाह गनु रामो हुन्छ ? र किन

.......................................................................................................................

.......................................................................................................................

.......................................................................................................................

२०. विवाह पश्चात महिलाहरु प्राय किन घरायसी कामकाजहरुमा मात्र सिमित रहेको पाईन्छ ?

क) विवाह पश्चात शिक्षालाई निरन्तरता दिन नसकेर

ख) घरपरिवारले सहयोग नगरेर

ग) परम्परागत रितिरिवाज

२१. महिलाहरु पछाडि पर्नु तथा विभिन्न अवसरबाट वञ्चित हुनका कारणहरु के-के हुन् ?

क) शिक्षाको कमी ख) न्यून आर्थिक अवस्था

ग) सामाजिक तथा साँस्कृतिक अवस्था घ) अन्य

२२. तपाई कुनै पेशामा आबद्ध हुनुहुन्छ ?

क) छु ख) छैन

२३. सम्पत्तिको कारण निर्णय क्षमतामा प्रभाव परेको छ ?

क) छ ख) छैन

२४. यदि छ भने कस्तो खालको प्रभाव पारेको छ ?

.......................................................................................................................

.......................................................................................................................

.......................................................................................................................

२५. पेशाको कारणले निर्णय क्षमतामा प्रभाव परेको छ ?

क) छ ख) छैन

२६. यदि छ भने कस्तो प्रभाव परेको छ ?

.......................................................................................................................

.......................................................................................................................

..........................................................................................................................

२७. तपाईको छोरा छोरीको शिक्षाको सन्दर्भमा निर्णय कसले गर्दछ ?

क) आफ्नो　　　　　　　　ख) श्रीमानको

ग) दुवैको

२८. छोरीलाई पैतृक सम्पत्तिमा छोरा सरह अधिकार दिनुपर्छ कि पर्दैन ?

क) पर्छ　　　　　　　　ख) पर्दैन

२९. पर्छ भने किन, पर्दैन भने किन ?

..........................................................................................................................

..........................................................................................................................

..........................................................................................................................

३०. शिक्षाले गर्दा निर्णय क्षमतामा प्रभाव परेको छ ?

क) छ　　　　　　　　ख) छैन

३१. श्रीमानको स्विकृती बिना काम गर्दा तपाई माथि के हुन्छ ?

क) कुटपिट　　　　　　　　ख) धम्की

ग) पारपाचुके गर्ने　　　　　　घ) अनावश्यक दबाब

३२. तपाई आमा समुहमा आवद्ध हुनुहुन्छ ?

क) छु　　　　　　　　ख) छैन

३३. आमा समुहले महिलाहरुको लागी के-कस्तो कार्य गर्दै आएको छ ?

..........................................................................................